
# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

**क. श्रीनाथ अधिकारीको उपचार सहयोगको लागि हार्दिक अनुरोध**

नेकपा (क्रान्तिकारी माओवादी) का पोलिटब्युरो सदस्य, नेपाली कम्युनिष्ट आन्दोलन तथा माओवादी आन्दोलनका इमान्दार तथा कर्मठ नेता श्रीनाथ अधिकारी फोक्सोको क्यान्सरबाट पीडित भई हाल बीपी कोइराला क्यान्सर अस्पताल चितवनमा उपचाररत हुनुहुन्छ। उहाँलाई आर्थिक सहयोग उपलब्ध गरी मद्दत गरिदिनुहुन हामी सबै देशभक्त, प्रगतिशील, स्वाभिमानी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक अनुरोध गर्दछौं। त्यसका लागि सहयोग समितिले एभरेष्ट बैंक लिमिटेड बानेश्वरमा सहयोग समिति संयोजक दिनेश शर्मा र सदस्य कुलुम्बबहादुर सिंहको संयुक्त खाता सञ्चालन गरेको छ।

आर्थिक सहयोग गर्ने ठेगाना र खाता नम्बर :
एभरेष्ट बैंक लिमिटेड नयाँ बानेश्वर शाखा, खाता नम्बर
००१००५०१२२४७९५
श्रीनाथ अधिकारी स्वास्थ्य उपचार सहयोग समिति, २०७५, काठमाडौं


वर्ष ३ अङ्क ३१ पूर्णाङ्क १२९ | २०७५ माघ १४ गते सोमबार | Monday, Jan. 28, 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-


# भेनेजुएलाको राष्ट्रिय स्वाधीनताको पक्षमा आवाज उठाउन विश्वसमुदायसित क्रान्तिकारी माओवादीको अनुरोध



● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले एक वक्तव्य जारी गरी संसारभरका सर्वहारावर्गका साथै विश्व समुदायसित अमेरिकी साम्राज्यवादको हस्तक्षेपकारी गतिविधिको विरोध र भेनेजुएलाको राष्ट्रिय स्वाधीनताको पक्षमा आवाज उठान अनुरोध गरेको छ । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले आइतबार एक वक्तव्य जारी गरी यस्तो अनुरोध गरेका हुन् ।

भेनेजुएलाका निर्वाचित राष्ट्रपति निलोलस मदुरो पदमा बहाल हुँदाहुँदै संसद सदस्य हुवाँ गुएइदोले आफूलाई अन्तरिम राष्ट्रपतिका रूपमा घोषणा गरेका र उनको त्यस कदमलाई संयुक्त राज्य अमेरिकाले समर्थन दिएको उल्लेख गर्दै वक्तव्यमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कदमलाई भेनेजुएलाको राष्ट्रिय सार्वभौमिकतामाथि गरिएको नाङ्गो हस्तक्षेप तथा अतिक्रमणको रूपमा विरोध एवम् भर्त्सना गरेको छ । वक्तव्यमा भनिएको छ, "हालै भेनेजुएलामा निर्वाचित राष्ट्रपति निकोलस मदुरो आफ्नो पदमा बहाल हुँदाहुँदै संसद सदस्य हुवाँ गुएइदोले आफूलाई अन्तरिम राष्ट्रपतिका रूपमा घोषणा गरेको र उनको त्यस कदमलाई संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिद्वारा समर्थन दिइएको कुरा सार्वजनिक भएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा निर्वाचित बहालवाला राष्ट्रपति मदुरोलाई असम्बैधानिक बताउँदै हुवाँ गुएइदोको उक्त कदमलाई जुन समर्थन गरियो, त्यो उनीहरूकै लोकतन्त्रको निर्लज्ज उपहासका साथै भेनेजुएलाको राष्ट्रिय सार्वभौमिकता माथि गरिएको नाङ्गो हस्तक्षेप तथा अतिक्रमण पनि हो ।"

वक्तव्यमा अगाडि भनिएको छ,"अतः हाम्रो पार्टी भेनेजुएलामा भएको यस प्रकारको घटना र अमेरिकी साम्राज्यवादको हस्तक्षेपकारी नीतिको तीव्र विरोध तथा भर्त्सना गर्दै भेनेजुएलाको राष्ट्रिय स्वाधीनताको दृढ समर्थन गर्दछ । साथै, हाम्रो पार्टी अमेरिकी साम्राज्यवादको हस्तक्षेपकारी गतिविधिको विरोध र भेनेजुएलाको राष्ट्रिय स्वाधिनताको पक्षमा आवाज उठाउन संसारभरका सर्बहारा वर्गका साथै विश्वसमुदायसित पनि ...बाँकी ७ पेजमा

## 'श्रीनाथ अधिकारी स्वास्थ्य उपचार सहयोग समिति' गठन



काठमाडौं । क्यान्सर जस्तो प्राण घातक रोगबाट पीडित भई चितवनको भरतपुर क्यान्सर अस्पतालमा उपचाररत नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटव्यूरो सदस्य तथा ४ नं. प्रदेश (गण्डकी प्रदेश)का सचिव श्रीनाथ अधिकारी (कमरेड श्याम)को उपचारका लागि क्रान्तिकारी माओवादीले 'श्रीनाथ अधिकारी स्वास्थ्य उपचार सहयोग ...बाँकी ७ पेजमा

## सिन्धुलीमा देजमो जिल्ला सम्मेलन भव्य रूपमा सम्पन्न

### अध्यक्षमा थलप्रसाद देवकोटा निर्वाचित

सिन्धुली। संगठन बिस्तार तथा जनचेतना अभियान अन्तर्गत देजमो सिन्धुलीले सिन्धुली जिल्लाको जिल्ला समिति चयन गरेको छ। जिल्ला सम्मेलनद्वारा निर्वाचित उक्त समितिका अध्यक्षमा थलप्रसाद देवकोटा निर्वाचित भएका छन् ।

देवकोटाको अध्यक्षतामा अध्यक्षतामा उपाध्यक्षमा ढक देवकोटा, सचिवमा बालकृष्ण थापा, कोषाध्यक्षमा बाबुलाल तामाङ र सहसचिवमा होमबहादुर कार्कीको कार्यकारी टिम निर्वाचित भएको छ। ...बाँकी ७ पेजमा

## गुल्मी देजमोको प्रथम जिल्ला सम्मेलन सम्पन्न

### अध्यक्षमा केशव अधिकारी निर्वाचित

बुटवल । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल गुल्मी जिल्ला समितिको प्रथम जिल्ला सम्मेलन गुल्मीको ठूलोलुम्पेकमा सम्पन्न भएको छ। सम्मेलनमा केन्द्रीय सदस्य एवं गुल्मी जिल्ला पार्टी इन्चार्ज क. शिशिरको प्रमुख आतिथ्यता एवं उद्घाटनमा सम्पन्न सम्मेलनले केशब अधिकारीको अध्यक्षतामा १३ सदस्यीय देशभक्त ...बाँकी ७ पेजमा

## अखिल क्रान्तिकारीको विशेष राष्ट्रिय भेला सम्पन्न

### हरिकृष्ण गजुरेलको नेतृत्वमा ६१ सदस्यीय केन्द्रीय समिति चयन



सिराह । नेकपा (क्रान्तिकारी माआमेवादी) को विद्यार्थी संगठनको राष्ट्रिय भेला सिरहाको गोलबजारमा सम्पन्न भएको छ । भेलाले हरिकृष्ण गजुरेलको नेतृत्वमा ६१ सदस्यीय केन्द्रीय समिति ...बाँकी ५ पेजमा

**क्रान्तिकारी माओवादी प्युठानको जिल्ला अधिवेशन सम्पन्न**

## प्रशान्तको नेतृत्वमा २५ सदस्यीय जिल्ला कमिटी निर्वाचित

प्युठान । नेकपा (क्रान्तिकारी माओवादी) प्युठानको प्रथम जिल्ला अधिवेशन सम्पन्न भएको छ । माघ ५ गते शनिबार सम्पन्न अधिवेशनले कमरेड प्रशान्तको नेतृत्वमा २५ सदस्यीय जिल्ला कमिटि निर्वाचित गरेको छ । प्युठानको मरन्ठानामा सम्पन्न अधिवेशनले सदस्य कमरेडहरूमा सन्तोष, संगीन, सुरज, झंकार, हिमसागर, राजेश, सागर, चट्टान, सित्तल, आगो, प्रकाश, विशाल, कञ्चन, नेत्र, जुनेली, लिस्ने, ज्योति, सरला, झिल्को, रविन्स, विखरेलीलगायतलाई निर्वाचित गरेको छ। भेलो दुई सदस्य पछि थप्ने निर्णय गरेको छ ।

क्रान्तिकारी माओवादीका पोलिटव्यूरो सदस्य कमरेड भीषणको प्रमुख आतिथ्यता रहेको अधिवेशनमा पार्टी केस कमरेडहरू शिशिर, पहाडलगायतको आतिथ्यता रहेको थियो । निर्वाचित कमिटिको बैठक आज (सोमबार) बसेर सचिवालय गठन र संघर्ष तथा संगठनका योजनाहरू तर्जुमा गर्ने कार्यक्रम रहेको सम्बद्ध स्रोतले जनाएको छ ।

## नेवाः मोर्चाले सडकमा उत्रिएर गऱ्यो विरोध प्रदर्शन




काठमाडौं। नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल काठमाडौंले शुक्रबार काठमाडौंमा विरोध प्रदर्शन गरेको छ । असनबाट सुरु भएको विरोध प्रदर्शनसहितको ऱ्याली त्यौद, ज्याँठा, ठमेल-छायाँदेवी कम्प्लेक्स, भगवानबहाल, ...बाँकी ५ पेजमा

## वाइडबडी विमान भ्रष्टाचारमा ओली, दाहाल र देउवा एकै ठाउँमा



काठमाडौं । वाइड बडी विमान खरिदमा सत्ताधारी दलका नेता र प्रतिपक्ष एकै ठाउँमा उभिएका छन् । एकताका सत्ताधारी दललाई गलाउने र ढलाउने यही एक मात्र रामबाण हो भनी लागेको नेपाली कांग्रेस अहिले भ्रष्टाचारीकै पंक्तिमा उभिन पुगेको छ । वाइड बडी बिमान खरिदमा उसको पनि प्रत्यक्ष संलग्नता देखिएको छ । सत्ताधारी नेकपाका ओली र दाहालसँगैको वाइड बडी जहाज खरिदको लहरमा प्रतिपक्षी दलका नेता शेर बहादुर देउवा पनि मज्जैले तानिएका छन् ।

वाइड बडी विमान खरिदको यो काण्ड दुई भूतपूर्व प्रधानमन्त्रीहरू शेरबहादुर देउवा र पुष्पकमल दाहालको कार्यकालमा सहमति गरी गति दिइएको थियो । आफ्ना कार्यकालमा गरिएका संझौता र तिनको कार्यान्वयनमा अहिले ओली तानिदै गर्दा देउवा र दाहाल पनि ...बाँकी ५ पेजमा

## नेकपा (नेकपा) को विकास समृद्धिको कुरा र कम्युनिस्टहरूको उद्देश्य

*वर्गीय समाजमा जति विकास भए पनि यो समस्या रहिरहन्छ । वर्गीय शोषण र उत्पीडनको अन्त्य गर्नु नै कम्युनिष्टहरूको मुख्य लक्ष्य हो । तर ओली-प्रचण्डहरूले यो वर्गीय उत्पीडनको अन्त्य कसरी गर्न सकिन्छ भन्ने विषयमा कुनै नीति कार्यक्रम तथा योजनाहरू ल्याउँदैनन्*



● रामसिंह श्रीस ●

ओली-प्रचण्डले नेतृत्व गरेको नेकपाले विकास र समृद्धिको निकै ठूलाठूला कुरा गर्दछ । नेपालमा रेल कुदाउने करा गर्दछन् । नेपालको पानी जहाज समुन्द्रमा चलाउने कुरा गर्दछन् । जनतालाई वृद्ध भत्ता, पेन्सन आदिको व्यवस्था गर्ने कुरा गर्दछन् आदि आदि । उनीहरूले नेपाललाई कहिले स्वीटजरल्याण्ड बनाइदिने, कहिले सिंगापुर बनाइदिने भनेर भाषण पनि गर्दछन् । तर उनीहरूले धनी र गरीब बीचको अन्तर कसरी समाप्त पार्ने ? वर्गविहीन र शोषणरहित समाजको निर्माण कसरी गर्ने त्यसबारेमा भने कहिल्यै योजना ल्याउँदैनन् ।

विकास निर्माण र कम्युनिस्टहरूको उद्देश्य बीचको अन्तर सम्बन्ध के छ ? त्यसबारे मार्क्सवादी दृष्टिकोण के हो ? यो विषयमा स्पष्ट हुनु जरुरी हुन्छ। निश्चय नै मार्क्सवादले विकास निर्माणको विरोध गर्दैन । मानव जीवन सुखी समृद्ध हुनको लागि भौतिक विकास हुनै पर्दछ । अभावै अभावको बीचमा मानव जीवन सुखी र समृद्धि हुन सक्दैन । तर यो नै सबै चीज होइन । यो मानव जीवनको एउटा पक्ष मात्र हो । मानव समुदाय अस्तित्वमा आएदेखि नै जीवन निर्वाहको लागि र आफ्नो जीवनलाई बाँच्न सजिलो बनाउनका लागि सधैं उत्पादनमा भाग लिंदै आएको छ । त्यो क्रममा उसले उत्पादन प्रणालीको विकास गर्दै आएको छ । आदिम साम्यवादी समाजदेखि आजसम्मको पुँजीवादी, साम्राज्यवादी समाजसम्मको मानव समुदायको विकासलाई हेऱ्यौं भने मानिसहरू उत्पादन प्रणालीको विकासमा निरन्तर लागिरहेका छन् र त्यसको विकास गरिरहेका छन् ।

मार्क्स र एंगेल्सले औपचारिक रूपमा कम्युनिस्ट घोषणापत्र तयार पारी वैज्ञानिक समाजवादको सिद्धान्त तयार पारेको सन् १८४८ मा हो। त्यति बेला पुँजीवादको विकास भइसकेको थियो । त्यतिबेलाका कम्युनिस्टहरूको मुख्य नारा अहिलेको ओली-प्रचण्डले नेतृत्व गरेको नेकपाको जस्तो सबैभन्दा विकसित अर्थात् शान्त रहेको पुँजीवादी व्यवस्था जस्तो बनाउनु पर्दछ भन्ने थिएन । मार्क्स ...बाँकी ७ पेजमा

## सम्पादकीय

# आफ्नै एजेण्डाबाट च्यूत डा. केसी

प्रा.डा. गोविन्द केसीको १६औं अनसनको लोकप्रियता निकै घटेको छ । घटेको यो लोकप्रियता सरकारले चिकित्सा शिक्षा विधेयक पारित गरेर होइन, बरु उनले १६औं अनसनका लागि तयार पारेका एजेण्डाहरूमा बेप्रसंगको द्वन्द्वकालीन मुद्दा जोडेर उठाउनाले हो । द्वन्द्वकालीन मुद्दा एक राजनीतिक मुद्दा हो । केसीले उठाएका मागहरू बढि शैक्षिक र सामाजिक रहँदासम्म देशभरका जनताले उनलाई विसाल समर्थन र सहयोग गरे पनि । तर जब उनको माग बढि राजनीतिक प्रेरित भई जनतालाई पनि नपच्ने हुँदै गयो, उनी क्रमशः जनताबाट अलग्गिदै गए र ओझेलमा पर्दै गए पनि । हाल उनी अनसनमै छन्, तथापि उनको समर्थनमा उनीपक्षधर मुट्ठीभर चिकित्सक, केही कांग्रेसीहरू र केही माओवादी विरोधीहरू मात्र रहन पुगेका छन् । हाल केसीको अनसनले जनसमर्थन गुमापछि सरकार लगायतका सम्बन्धित पक्षहरूले पनि उनलाई बेवास्तता गर्न थालेका छन् ।

हाल संसदीय सत्तामा दुईतिहाई बहुमत प्राप्त पार्टी र यसको सरकार छ । सत्ताधारी पार्टी नेकपाको एउटा अध्यक्षमा हिजोका माओवादी नेता पष्पकमल  दाहाल पनि छन् । उनीदेखि डा. गोविन्द केसीलाई निकै औडाह भएको बुझिन्छ । दाहालले राम्रो काम गरेका छन् देश र जनताका लागि भन्ने पनि जनताका बीचमा छैन । दाहाललाई अनसनरत डा. केसीले भन्दा बढी घृणा गर्छन् जनताले । उनी त्यत्तिकै एमालेको टाँगमुनि छिर्न गएका होइनन् पनि । उनीप्रतिको जनघृणा यति बढ्दै गएको छ कि सत्ता लुछ्ने हुँडारबाहेक कोही पनि उनको पक्षमा देखिदैनन् । दाहाललाई विदेशी र विशेष गरी भारतले ‘महादलाल’ बनाएको छ । दाहालका वरिपरि माफिया र तस्करहरू झुम्ने गरेका छन् । तर यति बेला डा. केसीले के बुझ्न सकेनन् भने दाहाललाई अन्तर्राष्ट्रिय हेग पुर्‍याउने भन्ने कालो मनसायका साथ द्वन्द्वकालीन मुद्दा पनि जब अनसनको एजेण्डामा समावेश गरे, केसी पनि जनताबाट दाहालजस्तै अलग्गिन पुगे । दाहाल लगायतका व्यक्ति विशेष जो सुकै होलान्, तर जनयुद्ध आम नेपाली जनताको थियो, उनले उठाएका चिकित्सा विधेयक विरोधी जनपक्षीय कुराहरू जनयुद्धले पनि उठाएको थियो । जनयुद्ध सफलतामा पुगेन त्यो अर्को कुरा हो । हालको अवस्थामा पुष्पकमल दाहाल जसरी विदेशीको महादलाल बनेर भूइँ पोत्ने पोतारी बनेका छन्, त्यसै गरी द्वन्द्वकालीन मुद्दा उठाउन लगाएर अनसनरत डा. केसीलाई पनि विदेशी शक्तिहरूले पोतारी बनाउन थालेको जनताले स्पष्ट बुझेका छन् । यसै कारणले डा. केसीको लोकप्रियतामा यति ठूलो ह्रास आएको हो ।

नेपालको अन्तरविरोध, रूपमा देखिंदा जातीय, क्षेत्रीय, भाषिक, लिंगीय वा उत्पीडित होला, तर त्यो सारतः वर्गीय अन्तरविरोध नै हो । डा. केसीले जनताका नाममा चिकित्सा विधेयकका विरुद्धमा जुन जनपक्षीय कुरा उठाए, त्यसमा जनताको वर्गीय समर्थन थियो । जनताका माझमा बोल्दा वामपन्थी र समाजवाद निर्माणका कुरा गरे पनि र समृद्धि तथा विकासका नारा दिए पनि ओली दलाल सरकारका जनविरोधी सोच, एजेण्डा र कार्यक्रमका तुलनामा डा. केसीका सोच, एजेण्डा र कार्यक्रमहरू बढी नै जनपक्षीय थिए । तर जब केसीले द्वन्द्वकालीन मुद्दा नै आफ्नो एजेण्डा बनाएर अघि बढे, तब जनताले बिरालोलाई जति सिरकमुनि ढाकेर लुकाए पनि आखिर ‘म्याउँ’ गरिछाडेको पाए । केसी पनि विदेशीका एजेण्डाको वरिपरि फन्को मारिरहेको प्रत्यक्ष महसुस गरे । अब डा. केसी न त केही अग्रगामी र प्रगतिशील रहे, न त उनी विगतका आफ्ना समाज तथा शैक्षिक सुधारका एजेण्डाका बाहक नै बने । केसीप्रतिको जनविश्वास सकियो, उनी अब डा. गोविन्द केसी मात्र रहे, जसरी हिजोको ‘प्रचण्ड’ आजका पुष्पकमल दाहालमा सिमित हुन पगे । दुवै आफ्ना एजेण्डाबाट च्यूत भई केवल विदेशीको भरिया बन्न पुगे ।

## लेखकहरूमा अनुरोध

**१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,**
**२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,**
**३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।**

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# नीति र नेताको सम्बन्धबारे


कृष्णदास श्रेष्ठ

नीति र नेताको माझमा कस्तो सम्बन्ध रहेको हुन्छ ? तिनको सम्बन्धबारे केही कम्युनिष्ट कार्यकर्ताहरू भ्रम र अस्पष्टतामा रहेको पाइएको छ । ती कार्यकर्ताहरू माझ विभिन्न रूपमा प्रकट हुने गरेको उक्त भ्रमले केही समयअघि आफूलाई एउटा प्रस्थापनाको रूपमा व्यक्त गरेको छ । नेपाल कम्युनिष्ट पार्टीको अखिल नेपाल चौथो सम्मेलनमा कमरेड पुष्पलालद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा उक्त प्रस्थान यस रूपमा प्रस्तुत भएको छ । हाम्रो निम्ति नेता प्रधान नभई नीति प्रधान हुन्छ । आफूलाई कमरेड पुष्पलाल समर्थक र अनुयायी ठान्नेहरूको एउटा जमातले उक्त भनाइलाई उहाँको एउटा महान् वाणीको रूपमा समय समयमा उद्धृत गर्ने गरेको छ । ‘ नीति प्रधान हो, नेता प्रधान होइन’ को रूपमा त्यसको प्रचार गरिएको छ ।

मार्क्सवादी-लेनिनवादीहरूले राजनीतिक कार्यदिशा र त्यसको ठोस अभिव्यक्ति स्वरूप रहेका नीतिहरू सही, उचित तथा यथार्थवादी हुनुपर्ने कुरामा सधैभरि जोड दिने गरेका छन् । अनेकौं अवसरमा माओत्सेतुङले कुन कुरालाई जोडका साथ देखाउनुभएको छ भने वैचारिक तथा राजनीतिक दिशा सही छ कि छैन भन्ने कुराले सबथोको निर्णय गर्छ । त्यसका साथै उहाँले के पनि भन्नु भएको छ भने जहाज चलाउने कुरा कर्णधारमाथि निर्भर गर्दछ, ९क्बषष्लिन तजभ कजष्उ मभउभलमक गउयल तजभ जभक्षिबल० । यसमा नेतृत्वको अहम् महत्वलाई दर्शाइएको छ । जहाँसम्म पुष्पलालको माथि उद्धृत भनाइमा नीतिको (जुन कार्यदिशा ठोस मूर्तिकरण हो) औचित्यमाथि जोड दिइएको छ, त्यो विल्कुल सही छ । तर उक्त भनाइमा नीतिलाई नेताको (नेतृत्वको) विरुद्ध उभ्याउने र नीतिलाई माथि राख्न नेतृत्वको महत्वलाई गौण स्थानमा राख्ने काम जसरी गरिएको छ त्यो विल्कुल गलत छ र मार्क्सवाद सहमत छैन ।

राजनीतिक कार्यदिशाले सबै कुराको फैसला गर्छ भन्ने मार्क्सवादी प्रस्थापनाले कार्यदिशा र नीतिको अह्म महत्वलाई स्पष्टसित दर्शाउँछ । तर कार्यदिशा र नीतिको निर्धारण खाली घोषणाको रूपमा वा कागजमा लेख्नको लागि मात्र गरिएको हुँदैन । बरु व्यवहारमा कार्यान्वयन गर्नका लागि कार्य रूपमा परिणत गर्नका लागि गरिएको हुन्छ । यदि त्यसलाई व्यवहारमा कार्यन्वयन गरिएन भने, यदि त्यसको कार्यान्वयनको व्यवस्था मिलाइएन भने त्यो मात्र कागजको खोस्टा रहने छ । अर्थात् निरर्थक रहनेछ । त्यसैले नीतिको प्रतिवादन गर्ने काम जति महत्वपूर्ण छ, सही कार्यदिशा र नीतिको निर्धारणपछि त्यसको उचित तथा सफल कार्यन्वयन हुन्छ कि हुँदैन भन्ने कुरा नेतृत्वको तर्फबाट गरिने व्यवस्था र सांगठनिक कार्यक्रममा निर्भर गर्दछ ।

**राजनीतिक कार्यदिशाा र नीतिहरूको सम्बन्ध दिशाबोधसित रहेको हुन्छ र एउटा सपष्ट तथ्य के छ भने दिशा गलत भएको खण्डमा हिंड्ने मान्छे आफ्नो गन्तव्य ठाउँमा पुग्दैन र जुन उद्देश्य लिएर काम गरिरहेको हुन्छ, सो उदेश्य पूरा हुँदैन । तसर्थ नीतिको अहम् महत्व छ भन्ने कुरामा दुई मत हुन सक्तैन ।**

उपर्युक्त तथ्यले नेतृत्वको अहम् महत्वलाई स्पष्टसित देखाउछ। तसर्थ, माथि उद्धृत क. पुष्पलालको भनाइमा नीतिको सम्बन्धमा नेताको महत्वको अवमूल्यन गर्ने जुन प्रवृत्ति रहेको छ, त्यो विल्कुल गलत छ । त्यो सिद्धान्त मात्र ओइन, व्यवहारिक दृष्टिकोणबाट पनि गलत छ । गलत तत्वहरूको (उदाहरणार्थ, अवसरवादी, समर्पणवादी तथा राजावादी तत्वहरूको) हातमा नेपाल कम्युनिष्ट पार्टीको नेतृत्व पर्नाको फलस्वरूप उक्त पार्टी र सम्पूर्ण नेपाली कम्युनिष्ट आन्दोलन विश्रृङ्खलित तथा विखण्डित भएको हाम्रो ऐतिहासिक अनुभव छ । अर्को कुरा नीति सही भएर पनि यदि नेतृत्व ठीक छैन भने अर्थात् अझ स्पष्टरूपमा नीति क्रान्तिकारी भए पनि यदि नेतृत्व अवसरवादी तत्वहरूको आहालमा रहन्छ भने सो नीति पूर्ण रूपले असफल रहन्छ वा त्यो कागजी मात्र रहन जान्छ । त्यस सम्बन्धमा नेपाल कम्युनिष्ट पार्टीको आफ्नो एउटा ऐतिहासिक अनुभवको यहाँ उल्लेख गर्नु प्रासांगिक छ । नेपाल कम्युनिष्ट पार्टीको दोस्रो महाधिवेशनमा (२०१३) दक्षिणपंथी अवसरवादी रायमाझी डफ्फाको बाहुल्यता रहन गयो र सो नेतृत्वले आफ्नै अवसरवादी राजावादी कार्यदिशालाई अगाडि बढाउने काम गर्‍यो । उक्त अनुभवले कुन तथ्यलाई स्पष्टसित देखाउँछ भने पार्टीलाई सही दिशामा अघि बढाउने काममा नेताहरूको अहम् भूमिका रहन्छ । साधारण भाषामा भन्ने हो भने गाडी मात्र ठीक भएर हुँदैन, गाडी चलाउने ड्राइभर पनि योग्य, सक्षम, कुशल र जिम्मेदारीको भाव भएको हुनु पर्छ ।

राजनीतिक कार्यदिशाा र नीतिहरूको सम्बन्ध दिशाबोधसित रहेको हुन्छ र एउटा सपष्ट तथ्य के छ भने दिशा गलत भएको खण्डमा हिंड्ने मान्छे आफ्नो गन्तव्य ठाउँमा पुग्दैन र जुन उद्देश्य लिएर काम गरिरहेको हुन्छ, सो उदेश्य पूरा हुँदैन । तसर्थ नीतिको अहम् महत्व छ भन्ने कुरामा दुई मत हुन सक्तैन । तर नीतिको अहम् महत्व रहे पनि नीतिले आफ्नो अहम् महत्वलाई स्थापित गर्नका लागि नेतृत्वमाथि दुई दृष्टिबाट आफूलाई निर्भर पारेको हुन्छ : १) सशक्त, सही र सुसंगत रूपम नीतिको उत्पादन हुनका लागि, २) निर्धारित नीतिको सही,सक्षम र इमान्दारीपूर्ण ढंगले कार्यान्वयन हुनका लागि कुन तथ्य ध्यानयोग्य छ भने नीति आफै आकाशबाट झर्ने होइन, तयसको प्रतिपादन गर्ने नेताहरू हुन् र नीति आफै कदापि कार्यानव्यन हुँदैन । त्यसलाई कार्यान्वयन गर्ने पनि नेताहरू नै हुन् । यस तथ्यले पार्टी नेताहरूको अहम् भूमिकालाई स्पष्टसित देखाउँछ, जुन भूमिका मुख्य रूपमा दुईवटा कुरामा रहन्छ : नीतिको निर्धारण गर्न र नीतिको कार्यान्वयन गर्न ।

उरोक्त तथ्यबाट कुन कुरा स्पष्ट हुन्छ भने नीतिलाई प्राथमिक र नेतृत्वलाई गौण रूपमा  लिने वा नीति र नेतालाई एकअर्काका विरुद्ध उभ्याउने वा नीतिको सम्बन्धमा नेताको कम मूल्यांकन गर्ने, विार जुन माथि उद्धृत भनाइमा व्यक्त गरिएको छ त्यो विल्कुल गलत छ ।

अन्त्यमा, नेतृत्वको महत्व र कामको सम्बन्धमा स्पष्ट पार्न तल हामी माओत्सेतुङको एउटा महत्वपूर्ण भनाइलाई उद्धृत गर्दछौं । चिनियाँ कम्युनिष्ट पार्टीको भूमिका शीर्षकको आफ्नो रचनामा उहाँले भन्नुभएको छ :

“... अन्तिम विश्लेषणमा, नेतृत्वका दुईवटा मुख्य जिम्मेदारीहरू छन्, ती हुन्- विचारको प्रतिपादन गर्नु, कार्यकर्ताहरूको राम्रो उपयोग गर्नु । योजना बनाउने, निर्णय लिने, आदेश वा निर्देशनहरू दिने जस्ता कामहरू विचारहरूको प्रतिपादनको श्रेणीमा पर्दछन् । विचारलाई व्यवहारमा उतार्नका लागि हामीले कार्यकर्ताहरूलाई संगठित गर्नुपर्दछ, र उनीहरूलाई कार्वाहीमा जानका लागि प्रोत्साहित गर्नुपर्दछ । यो कार्यकर्ताहरूको राम्रो उपयोगको श्रेणीमा पर्दछ ।” (माओ, चनिएका रचना, भाग २, पृष्ठ २०२) ।

# संसदीय व्यवस्था नै भ्रष्टाचारीको संरक्षक


हुकुमबहादुर सिंह

**ओली सरकारका पर्यटन मन्त्रीदेखि सचिवहरू र देउवा सरकारका मन्त्री तथा सचिवहरू र स्वयम् ओली, दाहाल र देउवा नै यो भ्रष्टाचारी प्रकरणमा मुछिएका नामै तोकिएर प्रमाणगत खबरहरू मिडियामा आएका छन् । यो आउनुका पछाडि शेरबहादुर र दाहालको कार्यकालमा वाइड बडी विमान खरिदको प्रक्रिया सुरू भएको र अहिले ओली नै रिंग लिडरको रूपमा यो भ्रष्टाचार काण्डमा तानिन पुगेका छन् । ४ अरब ३५ करोड ५६ दाखको भ्रष्टाचारमा को को छन् भनेर संसदीय लेखा समितिले नाम किटान गरेको र जनताको पक्षबाट उक्त काण्डको प्रमुख कंसाकारमाथि कारबाही गर्ने युवालाई प्रहरी हिरासातमा राख्न आदेश दिने ओली सरकार र त्यसको प्रहरी संगठन र अदालत समेत यो काण्डमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न देखिन पुगेका छन् ।**

ओली नै रिंग लिडरको रूपमा यो भ्रष्टाचार काण्डमा तानिन पुगेका छन् । ४ अरब ३५ करोड ५६ दाखको भ्रष्टाचारमा को को छन् भनेर संसदीय लेखा समितिले नाम किटान गरेको र जनताको पक्षबाट उक्त काण्डको प्रमुख कंसाकारमाथि कारबाही गर्ने युवालाई प्रहरी हिरासातमा राख्न आदेश दिने ओली सरकार र त्यसको प्रहरी संगठन र अदालत समेत यो काण्डमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न देखिन पुगेका छन्

वाइड बडी बिमान खरिद प्रकरणमा ओली सरकारसित साझेदारीमा नेपाली कांग्रेस पनि भ्रष्टाचारीकै पंक्तिमा उभिन पुगेको छ । यसरी सरकार र संसदीय व्यवस्थामा महत्वपूर्ण मानिने प्रतिपक्ष पनि भ्रष्टाचारीकै पंक्तिमा लामबद्ध भएपछि अब नेपालको भ्रष्टाचार विरुद्धको आन्दोलनको नेतृत्व कसले गर्ने अहम् सवाल खडा भएको छ । वाइड बडी बिमान खरिद प्रकरणमा ओली, दाहाल र देउवा तिनैजना तानिएका छन् । तर जनताको पक्षमा काम गर्ने खासगरी वर्तमानमा देखिएको नेकपा (क्रान्तिकारी माओवादी)का विरुद्ध अहिले यिनीहरूले मोर्चाबन्दी गर्दैछन् ।

करीब ४ अरब ३५ करोड ५६ लाखको घोटालाको प्रमुख पात्र वायु सेवा निगमको महानिर्देशक सुगतरत्न कंसाकारमाथि नेकपा (क्रान्तिकारी माओवादी) को आह्वानमा युवा लिगका सहासी युवाहरूको नेतृत्वमा उनकै कार्यकक्षमा दिउँसै उसको बदनाम अनुहारमा कालो मोसो घस्न सफल त्यसको उक्त घटनामा नजोडिएका एकजना नेता सुरेश तामाङलाई प्रहरीले बिनाकारण गिरफ्तार गरेको पनि आज करीब एक महिना पुग्न थालेको छ । उनलाई बिनाशर्त रिहा गरी नेपालका अन्य भ्रष्टाचारी तथा तष्करहरूको मनोबल गिराउनुको बदलामा उनीहरूको मनोबल उचा बनाइराख्न ओली सरकारका प्रहरी, सीडीओ तथा अदालत एक जुट भएर अगाडि आएका छन् । उनलाई प्रहरी हिरासतमै राखेर भ्रष्टाचारविरोधी अन्य युवाहरूलाई यो भ्रष्ट सरकारले यो सन्देश दिन चाहन्छ कि भ्रष्टाचारको विरोध गर्ने कसैलाई पनि छुट छैन ।

ओली सरकारका पर्यटन मन्त्रीदेखि सचिवहरू र देउवा सरकारका मन्त्री तथा सचिवहरू र स्वयम् ओली, दाहाल र देउवा नै यो भ्रष्टाचारी प्रकरणमा मुछिएका नामै तोकिएर प्रमाणगत खबरहरू मिडियामा आएका छन् । यो आउनुका पछाडि शेरबहादुर र दाहालको कार्यकालमा वाइड बडी विमान खरिदको प्रक्रिया सुरु भएको र अहिले ओली नै रिंग लिडरको रूपमा यो भ्रष्टाचार काण्डमा तानिन पुगेका छन् । ४ अरब ३५ करोड ५६ दाखको भ्रष्टाचारमा को को छन् भनेर संसदीय लेखा समितिले नाम किटान गरेको र जनताको पक्षबाट उक्त काण्डको प्रमुख कंसाकारमाथि कारबाही गर्ने युवालाई प्रहरी हिरासातमा राख्न आदेश दिने ओली सरकार र त्यसको प्रहरी संगठन र अदालत समेत यो काण्डमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न देखिन पुगेका छन् । अदालतले तामाङको बन्दी प्रत्यक्षीकरणको रिटलाई ठाडै खारेज गर्ने आदेश दिएर भ्रष्टाचारीहरूको पक्षमा फैसला गरेको देखिन्छ र गृह मन्त्रालयले उनको रिहाइमा बाधा अडचन खडा गर्दै उनका हिरासतका दिनहरू बढाउने कसरतमा छ ।

शेरबहादुर देउवा यसमा संलग्न भएको हुनाले कांग्रेस संसद तथा संसदीय उपसमितिका अध्यक्ष राजन के.सी.ले निर्देशित रूपले भ्रष्टाचारीहरूलाई जोगाउने हिसाबले प्रतिवेदनमा तोडमोड गर्ने काम गरेका छन् । यो स्पष्टतः संस्थागत भ्रष्टाचारको ज्वलन्त उदाहरण हो । उक्त रिपोर्टले दोषीहरू उम्कने र उन्मुक्ति हुने छन् । तर के स्पष्ट भएको छ भने दोषीहरू सिंगो राज्य तथा डबल नेकपा र कांग्रेस पार्टीहरूका जिम्मेवार तहमा छन् र उनीहरूले अहिले अख्तियारका कर्मचारीलाई चूप लाग्न निर्देश दिइरहेका छन् । उनीहरूले अहिले काठमाडौं सीडीओ र प्रहरी संगठनलाई सुरेश तामाङलाई रिहाइ नगर्न दबाब दिइरहेका छन् ।

यो त एउटा उदाहरण मात्रै हो । शेरबहादुर देउवा, केपी ओली र दाहाल, यी तिनै जना नेपालको संसदीय व्यवस्थाका वर्तमानका ठेकेदारहरू हुन्, ठेकेदारमा पनि नेपालको संविधान २०७२ले निर्दिष्ट गरेको संसदीय लोकतन्त्रका ठेकेदारहरू । यसमा पहिलो, संसदीय व्यवस्थाको संरक्षक हौं भनेर कहिल्यै नथाक्ने नेकाको नेता, दोस्रो र तेस्रो, आफूलाई

...बाँकी ७ पेजमा

# नेवाः मोर्चालाई सुदृढ र जुझारू बनाएर नलगेसम्म अधिकार प्राप्त गर्न सक्दैनौं



❑ शिव श्रेष्ठ, महासचिव- नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल

## *प्रचण्ड र बादलसँग मेरो विचार मिलेन । मिलिजुली सत्तामा जाने र बाँडीचुँडी खाने अवसरवादी लाइनको विरोध गर्दै म क्रान्तिकारी धारामा फर्केको छु*

***नेवाः राष्ट्रिय मुक्ति मोर्चाको महासचिवमा निर्वाचित हुनु भएकोमा बधाइ । संगठनको यो जिम्मेवारी लिंदा कस्तो महसुस गरिरहनु भएको छ ?***

सर्वप्रथम त तपाईलाई पनि धन्यवाद । हाम्रो गौरवशाली मोर्चाको सांगठनिक जिम्मेवारी लिन पाउँदा खुशी त हुने नै भैहाल्यो । विगत लामो समयदेखि मोर्चामा नै छु । केही समय पार्टीको विभाजनको कारण यताउता भइयो । यो जिम्मेवारीले केही महत्वपूर्ण र उच्च दायित्वबोध गराएको छ । उत्पीडित नेवाः जाति तथा जनताको अग्रगामी कदममा जानका लागि चुनौती त छन् नै । त्यसलाई सामना गर्दै जाने प्रण गरेको छु ।

***यसरी मोर्चाको सांगठानिक नेताको हैसियतमा रहँदा के गरेमा संगठनको आन्तरिक जीवनमा गति आउला भन्ने सोच्नु भएको छ ?***

विशेषतः हाम्रो मुलुकको शासन दलाल पुँजीपति वर्गको हातमा छ । अर्को नाम मात्रको कम्युनिस्ट पार्टीको बहुमतको सरकार छ । कम्युनिस्ट पार्टीको सरकार रहँदा जनतामा केही आशाहरू थिए । त्यो आशामा आज जनतामा निराशा थपिएको छ । वास्तवमा जनता पछुताएका छन् । मत फिर्ता माग्न मिल्ने भए माग्ने थिए । जनताले अब विकल्पको खोजी गरिरहेका छन् । विस्तारै जनता फेरि सडकमा आउन बाध्य हुने अवस्था छ । यस्तो आवस्थामा हामी जिम्मेवारीमा रहेका नेताकार्यकर्ता विचार सिद्धान्तमा एकरूपता कायम गरी जनतामा जानु पर्छ । कार्यकर्ताहरूमा उत्साह थपिदै छ । सरकार एकपछि अर्को गरी असफलतातिर गैसकेको छ । जस्तो सिण्डिकेट, सुन तस्करी, वाइडबडी, निर्मला पन्त बलात्कार तथा हत्या प्रकरण, बढ्दो हत्या, हिंसा, बलात्कार, महंगी, स्थानीय, प्रदेश र केन्द्र सरकारबाट थोपरिएको करको भारी, बढ्दो बेरोजगारी समस्याहरूलाई समाधान गर्न नसकेका कारण पनि असफल भएको छ ।

यिनै मुद्दाहरू र जनजातिमाथि भएको उत्पीडनको मुद्दाले संगठन विस्तारमा र संघर्षको आवश्यकता पूरा गर्नु पर्ने दायित्व थपेको छ । संगठनको आन्तरिक अवस्थालाई सुदृढीकरण गर्दै जान आवश्यक छ । आम नेवाः समुदायमा संगठन विस्तार गर्दै संगठनको अवस्थालाई सुदृढ र जुझारु बनाएर नलगेसम्म हामीले अधिकार प्राप्त गर्न सक्दैनौं । अब संगठन र संघर्षको द्वन्द्वात्मकतालाई ध्यान दिंदै अभियानकै रूपमा जनतामा जान आवश्यक छ । मोर्चा यस विषयमा स्पष्ट नै छ । र, संघर्ष गर्दै पनि आएको छ । यो झन् जनतामा स्थापित हुँदै जानेछ ।

***मोर्चा संगठनको विस्तारका लागि स्थानीय जनता र नेवाः समुदायलाई भित्रैदेखि जुरुक्क उठाउने त्यस्ता के कस्ता कार्यक्रमहरू हुन सक्छन् ?***

यो अत्यन्तै महत्वपूर्ण प्रश्न गर्नुभयो । निश्चितै रूपमा हाम्रो मोर्चाले त्यस्तो खालको योजना विस्तार गर्दै जान आवश्यक छ । अब जनतालाई छुने योजनाहरू त हामीले खोज्ने र बनाउनै पर्ने भएको छ । अहिलेको सरकार आफैले पनि हामीलाई त्यस्ता योजनाहरू बनाउन सजिलो बनाइदिएको छ । अर्को, संघर्षको लागि मैदान खाली छ । हामीसित संघर्षका योजनाहरू प्रशस्तै छन् । खाली हामीमा साहस र आत्मगत तयारीको खाँचो छ । वस्तुतः संघर्षका लागि अवस्था त परिपक्व बन्दै गएको छ ।

दशवर्षे जनयुद्धका मुद्दाहरू जस्ताको तस्तै अवस्थामा छन् । महंगी त्यत्तिकै बढेको छ । बेरोजगारको संख्या डरलाग्दो गरी वृद्धि भइराखेको छ । वर्गीय, लिङ्गीय, जातीय उत्पीडन कायमै छ । यसमा केही फेरबदल आएको छैन । जातिहरूको आत्मनिर्णयको अधिकारसहितको पहिचानको मुद्दा बाँकी नै छ । मुलुकमा अहिले जनगणतन्त्रका लागि सिंगै संघर्ष बाँकी छ । पूर्ण समानुपातिक र समावेशीकरणको मुद्दा समेत सत्ताधारीहरूले छाडिसकेका छन् । अर्कोतिर, राष्ट्रिय स्वाधीनता, आन्तरिक राष्ट्रियता, जनजीविकाका समस्याहरू हिजोभन्दा आज झन् गम्भीर भएर गएका छन् । यस्तो स्थितिले जनता साह्रै निराश र आक्रोशित समेत हुँदै गएका छन् । अब हाम्रो नेवाः मोर्चा यो स्थितिको ठोस विश्लेषण गर्दै जवाफदेहीपूर्ण रूपमा संघर्षमा जानेछ ।

एकातिर भारतीय विस्तारवादसँग दलाल सरकारले गरेका राष्ट्रघाती सन्धिसझौताहरूको खरेजी, जस्तै कर्णाली, अरुण तेस्रो, कोशी उच्च बाँध, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भारतीय कम्पनीलाई दिने, बिप्पालगायत सन् पचासको सन्धि सम्झौताहरू खारेज गर्ने र अनाधिकृत रूपमा भारतीयहरूलाई नेपाली नागरिकता दिने काम तत्काल बन्द गराउनुपर्ने जस्ता मागहरू लिएर जनतामा जान जरुरी छ भने अर्कोतिर जातीय स्वशासन र आत्मनिर्णयको अधिकारलाई सिद्धान्ततः स्वीकार गरी सबै उत्पीडित जाति तथा क्षेत्रका आधारमा संघीय प्रदेशहरू निर्माण गर्ने, पूर्ण समावेशी तथा समानुपातिक प्रणालीको ग्यारेन्टी गर्ने, महिला, दलित र मुस्लिमलाई विशेषाधिकार दिने उद्घोषसहित संगठन विस्तार र संघर्ष उठानमा अब नेवाः मोर्चाले विशेष जोड दिन्छ ।

***काठमाडौंमा त सेटलाइट सिटी निर्माण गरिने भनी निकै प्रचार गरिएको छ । बाहिरी चक्रपथ, फास्टट्र्याक, सडक विस्तारलगायतका ओली सरकारले गरेको कामको उपत्यकाको नेवाः समुदायले विरोध गर्दै आएको छ । त्यसको समाधान कसरी होला ?***

यो सरकारको नियतमा खोट छ । किनभने आज काठमाडौं शहरमा जनघनत्व बढी भैसकेको छ । यहाँका खेतीयोग्य जमिनमा घरहरूले भरिसक्यो । फोहरमैला डम्पिङ गर्ने ठाउँ नभएर समस्या जटिल बनेको छ । खानेपानीको समस्या छ । चारैतिर पहाडले घेरिएको उपत्यका छ । स्वच्छ हावाको कमी छ । सडकमा ट्राफिक जाम छ । आधा घण्टाको बाटोमा ३ घण्टा समयमा पनि पुग्न सकिन्न । अस्तव्यस्त भएर उकुसमुकुस अवस्थामा सहरी जीवन विताउन परेको छ । यहाा दिनदिनै बलात्कार, चोरी, डकैतीका घटनाहरू घटिरहेका छन् । यस्ता अनगिन्ति समस्या व्यहोर्नु परिरहेको छ । यस्ता समस्याको समाधान तथा व्यवस्थापन गर्न नसकिरहेके सरकारले फेरि सेटेलाइट सिटी निर्माण गरेर हजारौंलाई काठमाडौं भित्र्याउने र यहाँका नेवाः जातिको पहचान तथा अस्तित्व मेटाउने, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरूलाई मटियामेट पार्ने जस्ता नेवाः समुदायविरोधी हर्कत गर्ने प्रयत्न गरिरहेको छ । यसको घोर भर्त्सना र विरोध नेवाः मोर्चाले गर्दै आएको छ ।

जहाँसम्म ८ लेनको बाहिरी चक्रपथ बनाउँदा स्थानीय जनताको खेतीयोग्य जमिन अधिकरण गर्ने र उनीहरूलाई विस्थापित गर्ने काम हुन जान्छ । उपत्यकाका नेवाः किसान समुदायको एक मात्र गरिखाने पेशा भनेको कृषि हो, त्यही खेतीयोग्य जमिन हो । यो उनीहरूको घरबास उठिबास लगाउने षड्यन्त्र हो । हामी त यो राजधानी नै अन्यन्त्र सार्न सरकारलाई भनिराखेका छौं । उपत्यकाबासीलाई राजधानी र स्मार्ट सिटी तथा सेटलाइट सिटीको आवश्यकता छैन । फास्टट्र्याट बनाउने भए जनतालाई मुआब्जा दिइनु पर्दछ । नेवाः समुदायको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण हुने गरी बनाउन हामीले भनिरहेका छौं । स्थानीय जनताको मागलाई सरकारले बेवास्ता गर्न पाउँदैन । जनतासँग परामर्श आवश्यक छ ।

***संघीयताको संरचना र सरकार निर्माण सँगसँगै उठेको पहिचान र अग्राधिकारको प्रश्नलाई कसरी लिनु भएको छ ?***

हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) को र हाम्रो नेवाः राष्ट्रिय मुक्ति मोर्चाको विगत सरकार निर्माण संविधान जारी हुनुभन्दा अगाडि मात्र होइन कि स्थापनाकालदेखि नै पहिचानसहितको संघीयता र अग्राधिकारको प्रश्नलाई उठाउँदै आएको छ । यही मुद्दालाई लिएर दोस्रो जनआन्दोलन, त्यो पनि दशवर्षे जनयुद्धको जगमा सबै उत्पीडित जातजातिहरू सडकमा आएकै हुन् । अहिलेको तथाकथित संघीय गणतन्त्र त्यही बलमा आएको स्पष्ट नै छ । तर जनयुद्ध, जनआन्दोलन, मधेश तथा आदिवासी जनजाति आन्दोलनको जनादेशअनुसार मुलुकमा संघीयता स्थापना हुन सकेन, अग्राधिकारको त कुरै छाडौं । अहिले जनताको शक्ति एकातिर र जनविरोधी शक्तिहरू अर्कोतिर ध्रुवीकृत हुँदै गएको छ । संसदवादी दलहरूले एजेण्डाहरू छाडे पनि जनताले छाडेका छैनन् । अहिले आन्दोलन केही सुस्ताएजस्तो भएपनि अब विस्तारै यो आन्दोलन उठ्दै जानेछ ।

हामीलाई दृढ विश्वास छ । हामीले उठाएका मागहरू जनताकै मागहरू हुन् । पहिचानसहितको संघीयता र अग्राधिकारको व्यवस्था नगरेसम्म नेपालका उत्पीडित जाति जनजातिहरूको मुक्ति सम्भव छैन । वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिग उत्पीडनबाट मुक्तिका निम्ति संघर्षको विकल्प छैन । हामीले यो मुद्दा छाडेको छैन, अब व्यवस्थित रूपमा उठ्छ, उठाउँछौं ।

***तपाईले सत्तारुढ नेकपा (नेकपा) परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश गर्दा पाउनु भएको अन्तरहरूलाई राखिदिनुस् न ।***

महत्वपूर्ण प्रश्न गर्नुभयो । मैले किन त्यसो गर्नुपऱ्यो भन्दा हामी पार्टी फुट्नु हुँदैनथ्यो भन्नेमा नै थियौं । मालेमावादी पार्टी फुट्नु हुँदैन, विचार सिद्धान्तमा एकरूपता ल्याउनु पर्छ भन्दाभन्दै हामी कहाँबाट कहाँ पुग्यौं । यो कुरा असान्दर्भिक जस्तै भइसक्यो । हामी त किरण, बादल, प्रचण्ड, बाबुराम जुन ढंगबाट जे जसरी भए पनि एकरूपता कायम गरी जनतामा जानुपर्छ, जनयुद्ध लड्ने पार्टीहरूबीचको यो दरार वस्तुगत हो कि मनोगत हो भन्दै खोजी गर्दै जाँदा यो फुट केही वस्तुगत र केही मनोगत रूपमा भयो भन्ने गर्थ्यौं । एक खालका साथीहरू गर्न सक्ने जति गरिसक्यौं, अब प्राप्त अधिकार प्रयोग गरेर जानुपर्छ भन्ने भए, अर्काखाले साथीहरूको जनताले अधिकार पाएका छैनन्, जनयुद्ध र आन्दोलनका मुद्दाहरू ज्युँका त्युँ छन्, जनतालाई के जवाफ दिने भन्ने थियो । प्रश्न यहींनेर थियो । प्राप्त अधिकार बाँडीचुँडी खाऔं भन्नेहरू सत्तासिन भए । सबै संसदवादीहरू अहिले यही लाइनमा छन् । जनताको अधिकार प्राप्त भएन, फेरि संघर्षमा जानु पर्छ भन्नेहरू सत्ताविरोधी जस्तो भएर जनवादी तथा समाजवादी क्रान्तिकै तयारीमा जुटेका छन् । यो जनताको सुनिश्चित भविष्य र आत्मनिर्णयको अधिकारसहितको मुद्दाभित्र पर्दछ । प्रचण्ड, बादलसँग मेरो विचार मिलेन । मिलिजुली सत्तामा जाने र बाँडीचुँडी खाने अवसरवादी लाइनको विरोध गर्दै म क्रान्तिकारी धारामा फर्केको छु । कमरेड किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) नै एक मात्र क्रान्तिकारी पार्टी हो । जनताले राम्रोसँग बुझेका छन्- को को के के गर्दैछन् भन्ने । गद्दार नेताहरूको विश्वमा के के भयो, इतिहास साक्षी छ । जहिले पनि जनताको पक्षमा उभिनेहरूको शीर उँचो र भविष्य उज्ज्वल हुन्छ ।

***अबको जातिय तथा वर्गीय मुक्तिको भविष्य कस्तो देख्नु हुन्छ ।***

हाम्रो देश अर्धसामन्ती तथा अर्धऔपनिवेशिक देश हो । यहाँ बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश हो । नेपाली जनता एकातिर सामन्तवाद, साम्राज्यवाद र विस्तारवादबाट उत्पीडित हुनुपरेको छ । हाम्रो समाज ऐतिहासिक रूपले विकसित वर्गीय, जातिय, क्षेत्रिय, लिङ्गिय तथा जात व्यवस्थामा आधारित थुप्रै अन्तरविरोधहरूमा जेलिएको छ । जातिय मुक्ति आन्दोलन यसै प्रकारका अन्तरविरोध अन्तरगत पर्दछ ।

जाति भनेको मानव समुदायहरूबीच ऐकेवद्धताको विकसित रूप हो । एकताको प्रतिक हो । समानताको झल्काउने उपाय हो । अर्को शब्दमा भन्नुपर्दा राष्ट्र पनि हो । जाति भनेको साझा भाषा, साझा भूभाग, साझा आर्थिक जीवन र साझा सांस्कृतिक मनोविज्ञानमा आधारित स्थिर मानव समुदाय हो । यो समाजवादी चरित्र पनि हो भन्ने देखिन्छ ।

जाति पुँजीवादी जनवादी युगको ऐतिहासिक अवधारण पनि हो । यो जातिय मुक्ति आन्दोलन र आत्म निर्णयको अधिकारको प्रश्नसित जोडिएको हुन्छ भनेर लेनिनले भन्नु पनि भएको छ । जुन देशहरूमा पुँजीवादले साम्राज्यवादको रूप लिइसकेको र साम्राज्यवादद्वारा सामन्तवादी अवस्था रहेका अविकसित देशहरूमा उत्पीडनको प्रक्रिया अगाडि बढाइरहेको देखिन्छ । त्यस्तो देशमा पुँजीवादको स्वभाविक विकासको मार्ग अवरुद्ध भएको हुन्छ । त्यस्तो देशमा साम्राज्यवादी शक्ति र सर्वहारावादी शक्तिबीचको आन्दोलन सुरु हुन्छ । जति नेपाल जस्तो देशमा जहाँ जाति जनजातिहरूकै बाहुल्यता रहेको देशहरूमा यसको असर आदिवासी जनजातिहरूमा सिधैपर्ने भएकोले यहाँका जनजातिहरूको संघर्ष भनेको दोहोरो प्रकारको हुने देखिन्छ । आन्तरिक रूपमा सामन्तवादीसित वाह्यरूपमा साम्राज्यवादी तथा विस्तारवादीसित आन्दोलन केन्द्रीकृत हुने गर्दछ ।

यस्तो अवस्थामा सिङ्गो देश साम्राज्यवादी र विस्तारवादी शक्तिहरूसित संघर्ष गर्नुपर्दा राष्ट्रियताको प्रश्नसित यसको घनिष्टता देखिन्छ । अर्कोतिर देशभित्रै सामन्तवाद र उच्च जातीय अहंकारवाद र एकाधिकारवादीबीच वर्गसंघर्ष चलिरहँदा वर्गसंघर्षको मातहतमा भनेको सर्वहारावर्गको मातहतमा जातिय संघर्ष पनि सँगसँगै लानुपर्ने भएकोले वर्ग संघर्षसित जातियसंघर्ष पनि जोडिने भएकोले सँगै लानुपर्ने हुन्छ ।

हाम्रो जस्तो देशमा जहाँ उच्चजात र उत्पीडित जातजातिहरूको उपस्थिति रहेको छ । एकातिर जातिय रूपमा आदिवासी जसले राष्ट्रनिर्माण गर्दैआएको छ । उनीहरूनै जातिय उत्पीडनमा परिरहेका नेवाः आदिभूमिमा नेवाहरू नै विस्थापित र उत्पीडित देखिन्छ । त्यस्तै मधेसमा मधेसी, तमुवानमा तमुहरू नै, मगरातमा मगरहरू नै, किराँतीमा किराँतहरूनै, लिम्बूवानमा लिम्बूहरूनै उच्च खसब्राह्मणवादी एकाधिकारवादीहरूबाट उत्पीडित छन् । त्यसैले उनीहरूको मुक्ति भनेको पहिचान सहितको संघीयता हुनुपर्थ्यो । तर हाम्रो देशमा त्यस्तो भएन नाम मात्रको संघियता भयो पहिचानसहितको संघीयता भनेको जनतन्त्र नै हो । त्यो जनसंविधान जनगणतन्त्र भनेको नयाँ जनवादी समाजवादी क्रान्तिसित जोडिएको हुनाले वर्गीय मुक्तिबिना समाजवादी कल्पना गर्न सकिदैन । र जनवादी समाजवादी क्रान्तिको जसरी सुनिश्चित छ । त्यसरी नै जातिय तथा वर्गीय मुक्तिको सुनिश्चित देखिन्छ । यो प्रश्न नयाँ जनवादी क्रान्तिसित जोडिएको हुन्छ । भविष्य उज्ज्वल छ ।

***जातिय तथा वर्गीय मुक्ति बीचका समानता र अन्तरहरू के के छन् जस्तो लाग्छ ?***

मार्क्सवादी दृष्टिकोण भनेको द्वन्द्वात्मक भौतिकवाद नै विश्वदृष्टिकोण हो । यस दृष्टिकोणले हेर्दा सर्वहारावर्गको एवम् उत्पीडित जनसमुदायको हकहितको रक्षाको पक्षबाट नै वर्ग संघर्षको विकास हुने गर्दछ । ऐतिहासिक भौतिकवादी दृष्टिकोणको आधारबाट हेर्दा हाम्रोजस्तो जातजाति विशेषले बनेको राष्ट्रियतामाथि ध्यानदिँदा एउटा जाति विशेष उच्च जातिय अहंकार तथा एकाधिकारवादी तथा जातिय ब्राह्मणवादी दृष्टिकोणबाट उत्पीडनमा परेका अन्य आदिवासी जनजातिहरू आन्तरिक रूपमा देशभित्र जातिय दृष्टिकोणबाट प्रताडित हुनुपरेको छ । अर्को तिरबाट हेर्दा सामन्तवादी वर्गबाट वर्गीय रूपमा किसान, मजदुर, श्रमजीवी वर्ग शोषित पीडित भै वर्गीयरूपमा नै उत्पीडन परेका छन् । वाह्य रूपबाट हेर्ने हो भने साम्राज्यवादी विस्तारवादी देशहरूबाट अन्य साना साना राज्यहरू कम विकसित देशहरू उत्पीडनमा परिरहेका छन् । यसरी हेर्दा हाम्रो जस्तो देशमा दोहोरो रूपमा उत्पीडनमा परेकाहरूले मुख्यरूपमा वर्गीय रूपमा नै हेर्नुपर्ने हुन्छ । किनभने वर्गीय रूपबाट नहेरी विशुद्ध जातियवादी दृष्टिकोणबाट हेर्दा वर्गीय मुद्दा कमजोर हुँदै जानि खतरा देखिन्छ । र, अन्धजातियवादी खतरामा पनि संकट देखापर्दछ । वर्गीय रूपमा हेर्दा जरी जनताको आधारभूत आवश्यकताहरू पूरा हुन सक्दैन भने जाति पनि व्यवस्था प्रणाली परिवर्तन भएपनि जस्तो सुकै व्यवस्थामा परिवर्तन आएपनि केही हुनेवाला छैन । त्यसो भएको हुनाले जातीय मुक्ति आन्दोलनलाई आजको युग, समाज तथा देश विशेष काल र परिस्थितिलाई ध्यानमा राख्दै सामाजिक आर्थिक पक्षको समग्रतामा हेर्न सक्नुपर्दछ र ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा जातिय आन्दोलनको पनि अध्ययन गर्नुपर्दछ ।

जाति भनेको पुँजीवादी-जनवादी युगको ऐतिहासिक अवधारणा पनि हो भन्न सकिन्छ । जातिय मुक्ति आन्दोलन आत्मनिर्णयको अधिकारसित जोडिएको हुन्छ भनी क.लेनिनले भन्नु पनि भएको छ । जस्तै लेनिन तीन प्रकारका जातिय आत्मनिर्णको अधिकारको व्याख्या गर्नुभएको देखिन्छ । जस्तैः जुन देशमा सामन्तवादी बढी कमजोर छ । पुँजीवादी शक्ति बढी मजबुत भएको हुन्छ र विकसित देश छ भने त्यस्ता देशहरूको क्रान्ति विद्रोहात्मक हुन्छ । अर्को जहाँ बहुजातीय राज्यहरूको निर्माण भएको हुन्छ र सामन्तवादी बलियो छ र पुँजीवादी शक्ति कमजोर छ भने त्यहाँको वर्गसंघर्ष दीर्घकालीन हुने देखिन्छ । अर्को तेस्रोमा पुँजीवादले साम्राज्यवादको रूप लिइसकेको साम्राज्यवादद्वारा सामन्तवादी देश रहेका अविकसित देशहरूमा उत्पीडन प्रक्रिया अगाडि बढाइरहेका देशहरूमा पुँजीवादको स्वाभाविक विकासको मार्ग अवरुद्ध गरेको हुन्छ भने त्यस्ता देशहरूमा जातीय मुक्ति आन्दोलन अविकसित देशहरूमा दोहोरो कार्यभार बन्न जान्छ । जस्तै, आन्तरिक रूपमा सामन्तवादी उत्पीडकविरुद्ध बाह्य रूपमा साम्राज्यवादका विरुद्ध आन्दोलन हुने गर्दछ । हाम्रोजस्तो देशमा यही आन्दोलन हुने देखिन्छ । हामी हाम्रोजस्तो देश जहाँ साम्राज्यवादी शक्ति र विस्तारवादी शक्तिहरूबाट बाह्य रूपमा मुख्य उत्पीडनमा छन् । आन्तरिक रूपमा यहाँका आदिवासी, जनजातिहरू जातीय रूपमा उत्पीडनमा पनि परेका छन् भने आन्दोलन दोहोरो भूमिकामा लामो समयसम्म जाने खालको हुन्छ र दीर्घकालीन हुने गर्दछ । र, साम्राज्यवाद शक्ति र सामन्तवाद दुवै शक्तिसित परिलक्षित हुने गर्दछ । हामी हाम्रो देशमा त्यही खालको वर्गीय तथा जातीय मुक्ति आन्दोलनको विकास गर्दै जानु पर्दछ । जातीय तथा वर्गीय मुक्ति आन्दोलन सँगसँगै समान रूपमा विकसित हुँदै दीर्घकालीन बन्दै जानेछ भन्ने लाग्छ ।

***अन्तमा, छुटेका कुरा जनताका माझ राखिदिनुस् न ?***

हामी आज दशवर्षे जनयुद्धको माध्यमबाट र दोस्रो आन्दोलन, मधेसी आन्दोलनबाट प्राप्त सीमित अधिकारको रक्षा गर्दै दशवर्षे जनयुद्धका बाँकी कार्यभारहरू पूरा गर्न नयाँ जनवादी समाजवादी क्रान्तिको कार्यभार पूरा गर्ने बाटोमा निरन्तरता दिंदै जानु पर्दछ । युद्धका नेताहरू खलनायकमा रूपान्तरण भए पनि सबै जनता सचेत भएर संगठित हुँदै जानुपर्दछ । मोर्चाप्रति प्रतिबद्धता रहने हामी सबै नेता कार्यकर्ताहरू जनतामा गएर आन्दोलनको प्रचार गर्ने, जनताको बाँच्न पाउने अधिकार र आधारभूत आवश्यकताको लागि, हामी हाम्रै लागि, मुक्ति र अमन चयनका लागि, राष्ट्रको स्वाधीनताको लागि, समानताको लागि संगठित भै राष्ट्रलाई उन्नति, प्रगति र समृद्धिको लागि अर्को क्रान्तिको परिर्वतनको लागि सबै नेवाः जातिलगायत सबै जनसमुदायको बीचमा जस्तोसुकै कठिनाइलाई सहज रूपमा ग्रहण गर्दै जानका लागि हार्दिक अपिल गर्दछु ।

## अखिल नेपाल आदिवासी जनजाति महासंघको सचिवालय वैठक सम्पन्न

# जातीय पहिचानको आधारमा प्रदेशको नामाकरणका लागि संघर्ष गरिने



काठमाडौं । अखिल नेपाल आदिवासी जनजाति महासंघ नेपालको सचिवालयको वैठक राजधानी सहर काठमाडौंको बुद्धनगरस्थित केन्द्रीय कार्यालयमा बुधवार सम्पन्न भएको छ । महासंघले वैठकबाट आगामी संघर्षका कार्यक्रमहरूका साथै आन्तरिक सांगठनिक काम कारबाहीबारे महत्वपूर्ण निर्णयहरू लिइएको बताएको छ ।

महासंघका सचिवालय सदस्य रामजी चौधरीका अनुसार महासंघले अहिलेसम्म गरेका कामहरूको आवधिक समीक्षा गरेको छ । समीक्षामा महासंघका अघिल्ला निर्णयहरूको कार्यान्वयन सन्तोषजनक रहेको ठहर गरिएको छ । यसका साथै जिम्मेवार नेता र नेतृत्वहरूमा क्रियाशीलता आएको र जनताका बीचमा सापेक्षतामा जनसम्बन्धहरू बढ्दै गइरहेको, संगठन विस्तार भइरहेको र जनस्तरबाटै संघर्षका केही कार्यक्रमहरूको माग पनि भइआएकाले यसको एकमुष्ठ सम्बोधनका लागि संघर्षका कार्यक्रम तय गरिएको कुरामा जोड दिइएको छ ।

यी सबै कराहरूलाई मध्यनजर गरेर महासंघको सचिवालय वैठकले जातीय पहिचानसहितको प्रदेशहरूको नामाकरणका लागि संघर्ष अघि बढाउने निर्णय गरेको छ । नेपालमा वर्गसंघर्षका क्रममा भएका युद्ध र आन्दोलनहरूमा गरिएका त्याग, तपस्या र बलिदानका बाबजुद पनि जनताले आफ्नो पहिचान र अपनत्व महसुस गर्न पाएका छैनन् । राज्यसत्ता सारमा उही पुरानै संसदीय नै रहेको छ । तर बाहिरी ढाँचाकाँचामा संघीयताको स्वरूप दिन खोजिए पनि ती संरचनाहरूको नामाकरण समेत् जनताको आफ्नो जातीय पहिचानका आधारमा हुनसकेका छैनन् ।

पहिचानका आधारमा मात्र भए पनि जनताको अपनत्व महसुस होस् भन्ने हेतुले महासंघले तत्कालका लागि जातीय पहिचानका आधारमा प्रदेशहरूको नामाकरण गराउन संघर्षको थालनी गर्ने भएको छ । उक्त संघर्षमा सकभर संयुक्त आन्दोलनका लागि संभावनाहरूको खोजी गरिने पनि बताइएको छ । यसमा नेपालमा रहेका जातीय तथा भाषिक र क्षेत्रीय विविधतालाई समेट्ने प्रयत्न गरिने पनि बताइएको छ ।

वैठकमा संगठनको राष्ट्रिय सम्मेनको तिथिमिति पनि तय गरिएको छ । तय गरिएको मिति अनुसार महासंघको राष्ट्रिय सम्मेलन बैसाखको २२,२३ र २४ गते हुने भएको छ । वैठक महासंघका केन्द्रीय अध्यक्ष कमल चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## सिमानामा विप्लव नेकपाद्वारा काँढेतार

### योगेश भट्टराईको कमजोरी नदोहोरियोस्




काठमाडौं । दक्षिणको छिमेकी देश भारतले नेपालको सिमानामा अतिक्रमण गरेको भूभाग नेपालभित्रै पार्ने गरी उक्त अतिक्रमणकारी हस्तक्षेपका विरुद्ध विप्लव नेतृत्वको नेकपाले सीमा क्षेत्रमा काँढेतार लगाएको छ । उक्त पार्टीका अनुसार सो कार्य युवाहरूको पंक्तिले सीमा बचाऔं अभियान अन्तरगत चलाएको बताइएको छ ।

माऊ संगठन नेकपाको केन्द्रीय समितिको निर्देशनअनुसार यसको भ्रातृ संगठन अखिल (क्रान्तिकारी) ले चितवनको माडी नगरपालिका ५ स्थित सोमेश्वरगढीमा पुगेर काँढेतार लगाएको हो । नेपाल-भारत सिमानामा दिनरात भारतीय पक्षबाट भइरहेको सीमाअतिक्रमणका विरुद्धमा सीमानामै पुगेर उक्त कार्य गरिएको हो । यसले सीमाक्षेत्रका स्थानीय जनताका साथै देशभरका जनतामा निकै सकारात्मक र उत्साहपूर्ण सन्देश दिएको छ ।

भारतले अतिक्रमण गरेका सीमा भू-भाग फिर्ता गर्ने अभियान अन्तर्गत विप्लव नेकपाको युवा शक्ति सीमा निरीक्षण, अनुगमन तथा काँढेतारबार निर्माणमा जुटेको छ । मिचिएका सिमाना चाहे भारत होस् चीनतर्फ, सबैमा काँढेतार लगाउने प्रयास जारी रहने अखिल क्रान्तिकारीले जनाएको छ ।

वामको नाममा सत्तारोहण गरेको ओली सरकारले सीमाहरू बेचेर खाइरहेका बेलामा क्रान्तिकारीहरूले थालनी गरेको सीमा बचाउ अभियान जनताका माझमा आशाको दियो बनेर आएको देशभक्त तथा प्रगतिशील शक्तिहरूले बताउने गरेका छन् । उनीहरूले के कुरामा सतर्क पनि गराउने गरेका छन् भने सीमानामा यसरी देखिने गरी भौतिक रूपमा काँढेतारबार बनाउँदा सीमाना ठ्याक्क र एकीन हुनु पर्छ । यसका लागि विषय विशेषज्ञ जरुरी हुन्छ । अहिले यति साहसिक काम गर्दा पनि हुन सक्ने यो गल्तीप्रति क्रान्तिकारीहरू बेलैमा सचेत हुनु पनि जरुरी छ ।

एकपटक एमाले युवा नेता योगेश भट्टराई सुदुरपश्चिम पुगेर विद्यार्थी लिएर मिचिएको नेपाल भारत सीमानामा झण्डा गाड्न पुगेपछि उनले नेपाल भारत सीमानाको ४ किलोमिटरभित्रै नेपालतिरको भूभागमा एमाले विद्यार्थीको झण्डा गाडेर फर्केका थिए । भारतीय सीमा सुरक्षाकर्मीहरूले त्यही चार किलोमिटरभित्र आएर नेपाली भूभागमा सीमा स्तम्भ नै गाडेका थिए ।

यो कमजोरी क्रान्तिकारीहरूले गर्दा नदोहोरियोस् भन्ने विज्ञहरूको धारणा र सुझाव पनि रहेको छ ।

## क्रान्तिकारी युवा लिग सुर्खेतको जिल्ला भेला भव्य रूपमा सम्पन्न

# सत्ताधारी दल डबल नेकपा र कांग्रेसबाट दर्जनौं नेता कार्यकर्ताको प्रवेश



सुर्खेत । क्रान्तिकारी युवा लिग नेपालको मंगलवार सुर्खेत जिल्लाको जिल्ला भेला भव्य रूपमा सम्पन्न भएको छ । भेलाले कमरेड अनिलको अध्यतामा १५ सदस्यीय जिल्ला संगठन समिति गठन गरेको छ । भेलालगत्तै नव निर्वाचित संगठन समितिको वैठक बसी आगामी कामको बाँडफाँड गर्नुका साथै पार्टी र मोर्चाले अघि सारेको संघर्षका कामहरूलाई सुर्खेतको विशिष्टतामा अघि बढाउने निर्णय पनि गरेको छ ।

भेलामा सत्ताधारी दल डबल नेकपा र प्रतिपक्ष दल नेपाली कांग्रेसबाट विद्रोह गरी क्रियाशील युवाहरू क्रान्तिकारी युवा लिग नेपालमा प्रवेश गरेका छन् । बदनाम हुँदै गएको सत्ताधारी दल डबल नेकपा र संघर्ष गरेको जस्तो गरे पनि खानेबेलामा प्रतिपक्षको भूमिका समेत बिर्सेर भाग तान्न जाने नेपाली कांग्रेसले जनताका पक्षमा काम नगर्ने नवप्रवेशी युवाहरूको विश्वास रहेको बताइएको छ । अब देशमा अर्को नयाँ खाले संघर्षको विकास गरी जनविरोधीहरूलाई धूलो चटाएर खेदाउने र वास्तविक जनताको राज्यसत्ता र सरकार स्थापना गर्ने ती युवाहरूको भनाइ रहेको छ ।

नव प्रवेशी जुझारु युवाहरूमा विष्णुबहादुर रावल, मिलन शाही, पदम चन्द्र, खेमराज कँडेल, लक्ष्मीप्रसाद आचार्य, लक्ष्मी कँडेल, चन्द्र कु. थापा, सन्तोष पौडेल, धनबहादुर रोकाया र मोहन सुनार लगायत दर्जनौ नेता तथा कार्यकर्ता रहेका छन् । नेकपा (क्रान्तिकारी माओवादी) का सीसीएम् कमरेडहरूले उनीहरूको भव्य स्वागतसहित हार्दिक बधाइ ज्ञापन गरेको बताइएको छ ।

# अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनले देशैभर अभियान चलाउने

● **विष्णु 'विकिरण'**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनले आफ्नो संगठनलाई देशैभरि चलायमान बनाउने भएको छ ।

पार्टी कार्यालय बुद्धनगरमा बसेको केन्द्रीय समिति बैठकले सम्बन्धित प्रदेश, जिल्ला र इकाई स्तरसम्मका पार्टी कमिटिसँग समन्वय गरेर अखिल नेपाल राष्ट्रिय शिक्षक संगठन निर्माणमा तीब्रता दिने निर्णय गरेको छ ।

बैठकले संगठनका केन्द्रीय उपाध्यक्ष तर्क बहादुर थापा(मगर)को निधनपछि खाली रहेको उपाध्यक्ष पदमा उपाध्यक्षमा टंकराम अधिकारीलाई चयन गरेको गरेको छ भने १ नं प्रदेश संयोजकमा उमानाथ ढकाललाई चयन गरिएको छ ।



प्रकाशन बिभाग प्रमुखमा विष्णु आलेलाई जिम्मेवारी दिइएको छ भने आर्थिकमा अम्बर थापालाई चयन गरिएको छ । बैठ्कमा कम्तिमा तीनपटक उपस्थित नहुने सदस्य सदस्यलाई निगरानीमा राख्ने वा हटाउने, लेबीलाई पारदर्शी बनाउने र संगठन गतिविधिमा सक्रियता ल्याउने लगायत प्रस्ताब पारित गरेको छ ।

बैठकले विधान अनुसार ०७६ चैत्रमा राष्ट्रिय सम्मेलन गरी नयाँ नेतृत्व चयन गर्ने निर्णय समेत गरेको छ ।

क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा संगठनका फ्र्याक्सन इन्चार्ज प्रतीकको विशेष उपस्थिति रहेको बैठकको अध्यक्षता तथा सञ्चालन संगठनका अध्यक्ष विजय रत्न बज्राचार्यले गरेका थिए ।

## रूपन्देहीको सैनामैना नगरपालिकामा देजमो, नेपालको पुर्नगठन

बुटवल । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले रूपन्देही स्थित सैनामैना नगरपालिकामा एक भेलाको आयोजना गरी दल बहादुर छन्त्यालको अध्यक्षतामा देजमो, नेपाल सैनामैना नगर समिति पुर्नगठन गरेको छ । अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका केन्द्रीय सदस्य एवं ५ नं. प्रदेश संयोजक राजु भुजेलको प्रमुख आतिथ्यता तथा नगर पार्टी सचिव क. युद्धको विशेष उपस्थितिमा सम्पन्न भेलाले ११ सदस्यीय नगर समिति चयन गरेको छ । अन्य पदाधिकारी एवं सदस्यहरूमा क्रमशः उपाध्यक्ष- मानप्रसाद भुसाल, सचिव- रेनुकान्त पौडेल, कोषाध्यक्ष- लक्ष्मी न्यौपाने, सदस्यहरूमा हरी ज्ञावली, गुरु आचार्य, चन्द्र राना, टोपला छन्त्याल, विष्णुकान्त गौतम, कमला गौतम र योङभीउ थापा रहनु भएको छ ।

## तामाङ समुदाय सोनाम ल्होसारको तयारीमा

काठमाडौं । तामाङ समुदायले मनाउने सोनाम ल्होसार यो वर्ष माघ २१ र २२ गते मनाउने भएका छन् । यसको तयारीका लागि उनीहरूले आयोजक समिति निर्माण गरी अघि बढाएका छन् । काठमाडौं केन्द्रित केन्द्रीय कार्यक्रम टुँडिखेलमा दुई दिन सांस्कृतिक महोत्सवसहित भव्य रूपमा मनाउने तयारी भइहेको छ ।

नेपाल तामाङ घेदुङको समन्वयमा काठमाडौमा बसेको विभिन्न संघसंस्थाको सयुक्त बैठकले पर्वका बारेमा निकै छलफल गरेको छ । उनीहरूका अनुसार खेला छेपागिक अर्थात् माघ २२ गतेका दिन परेको सोनाम ल्होसार एक सांस्कृतिक पर्व तथा नयाँ वर्षका रूपमा मनाइन लागिएको हो । ल्होसारको कार्यक्रम भव्य रूपमा सम्पन्न गर्नका लागि नेपाल तामाङ घेदुङको संयोजकत्वमा फाग् ढ्वा ल्हो २८५५ औं सोनाम ल्होसार मुल समारोह समिती गठन भइसकेको छ ।

# ट्याक्सी दुर्घटनामा क्रान्तिकारी माओवादी निकट अधिवक्ताद्वय घाइते



काठमाडौं । अदालतको काम सकेर सिन्धुलीबाट काठमाडौं आउँदै गरेको रिजर्ब ट्याक्सी सिन्धुलीको खनियाखर्कमा दुर्घटना हुँदा नेकपा (क्रान्तिकारी माओवादी) निकट अधिवक्ताद्वय देवकुमार मोक्तान र फडिन्द्र कार्की घाइते भएका छन् । मोक्तान हालै सम्पन्न नेपाल बार एशोसियन काभ्रेका निर्वाचित अध्यक्ष समेत हुन् ।

प्राप्त जानकारी अनुसार ट्याक्सीलाई एम्बुलेन्सले ठक्कर दिएपछि दुर्घटना हुन पुगेको थियो । दुर्घटनामा परी अधिवक्ता कार्कीको पछाडिको करङको तीनवटा हाड भाँचिएको छ भने मोक्तान उपचार पछि घर फर्किएका छन् । कार्कीको भने विएण्ड वि अस्पतालमा उपचार भइरहेको छ ।

## अमेरिकामा आकाशिंदो आर्थिक असमानता

# अमेरिकी प्रजातन्त्रको श्रमिकविरोधी असलीअनुहार उजागर हुँदै



गत सालको अक्टोबरमा चक कोलिन्स र जोस होक्सीले तयार पारेको द्यर्षीष्यिलबष्चभ द्ययलबशब द्दण्ज़्ड रिपोर्ट र धधधा|ष्लभत्रगबष्तिथा|यचन ले अमेरिकाको आकासिंदो आर्थिक असमानता बारे तयार पारेको रिपोर्ट हालै वाहिर आएका छन् । तिनले निकालेका प्रमूख निष्कर्ष निम्नानुसार छन् । यसबाट विश्वको उत्कृष्ट भनिने अमेरिकी प्रजातन्त्रको श्रमिक विरोधी असली सार स्पष्ट हुन्छ ।

ड्ड १९८२ देखि २०१८ सम्ममा अमेरिकाका तीनवटा धनी परिवार वाल्टन, कोच र मार्सको कुल सम्पत्ति लगभग ६,००० प्रतिशतले बृद्धि भएको छ । जवकि, यही अवधिमा त्यहाँका मध्यम वर्गीय परिवारको सम्पत्ति भने ३ प्रतिशतले घटेको छ ।

ड्ड यी तीन सम्पन्न परिवारको कुल सम्पत्ति ३४८.७ अरब डलर छ । यो मध्यम वर्गीय एउटा अमेरिकी परिवारको सम्पत्ति भन्दा ४० लाख गुना बढी हो ।

ड्ड १९८२मा वाल्टन परिवारको जम्मा सम्पत्ति ६९ करोड डलर थियो । २०१८मा त्यो १६९.७ अरव डलर पुगेको छ, जुन ९२५७ प्रतिशतले बढी हो ।

ड्ड अमेरिकी तीन जना जेफ बेजोस, बिल गेट्स र वारेन बफेटको जम्मा सम्पत्ति देशका सबभन्दा गरीव ५० प्रतिशत जनताको कुल सम्पत्ति भन्दा धेरै छ ।

ड्ड अमेरिकाको एउटा मध्यम परिवारले प्रतिवर्ष ८०,००० डलर सम्पत्ति कमाउने गर्छ । जबकि, अमेरिकाको (संसारको पनि) सबैभन्दा धनी जेफ बेजोसले त्यसको २० लाख गुनाले बढी कमाउँछ ।

ड्ड गत सालमा मात्र बेजोसको सम्पत्ति ७८.५ अरव डलरबाट बढेर १६० अरव डलर पुग्यो । प्रतिघण्टा १५ डलरको अहिलेको ज्याला अनुसार पूरासमय काम गर्ने एकजना अमेरिकी मजदुरका लागि यति सम्पत्ति कमाउन २५ लाख वर्ष लाग्छ ।

ड्ड सबभन्दा गरीव १० प्रतिशत अमेरिकी मजदुरले १९७९ मा प्रतिहप्ता सरदर ४१४ डलर ज्याला कमाउँथे र त्यो २०१५ मा ३९७ डलरमा झरेको थियो । जवकि माथिका १० प्रतिशतको सरदर ज्याला १९७९ मा १,४७९ डलर र २०१५ मा २,००४ डलर थियो ।

ड्ड सबभन्दा तलका ९० प्रतिशत अमेरिकी जनताले १९७९मा ज्याला स्वरूप प्रतिवर्ष सरदर २८,५५९ डलर र माथिका १ प्रतिशतले २६९,४३८ डलर कमाउँथे । जवकि, २०१५ मा माथिका १० प्रतिशतको ज्याला क्रमशः ३४,४८१ डलर र ६९१,६४९ डलर पुगेको थियो ।

ड्ड डिसेम्बर १५, २०१७ को क्षलतर्भाष्मिभलअभच का अनुसार १९८० मा माथिका १ प्रतिशत धनाढ्यको राष्ट्रिय आम्दानीमा करीव १०.८ प्रतिशत हिस्सा थियो र तलका ५० प्रतिशत गरीवको हिस्सा करीव २०.८ प्रतिशत थियो । त्यो २०१५मा आइपुग्दा १ प्रतिशत धनाढ्यको हिस्सा बढेर करीव २०.१ प्रतिशत र तलका ५० प्रतिशतको हिस्सा घटेर करीव १३ प्रतिशतमा झरेको थियो ।

## अखिल...

निर्वाचित गरेको छ । भेलाले संगठनको उपाध्यक्षमा किरण अधिकारी थारु र शिलु न्यौपाने, महासचिवमा पेसल दाहाल, सचिवमा रामबहादुर महरा, मनकुमार न्यौपाने, महेश श्रेष्ठ, सूर्य कार्की, तीर्थ राई र दिपेन्द्र लामिछानेलाई चयन गरेको छ भने कोषाध्यक्षमा रञ्जित साह चुनिएका छन् ।

भेलाले संगठनका सदस्यहरूमा हेमराज शर्मा, केशव साउँद, कपिलदेव भट्ट, दिपेन्द्र लम्साल, बासु अधिकारी, सन्तोष दहाल, सुलभ वैद्य, विनोद केसी, इसान पौंडेल, अमित सापकोटा, दिपक पोखेल, हिक्मत शाही, हिक्मत महरा, शोभा सेन्चुरी, खेमराज पोखेल, मनोविज्ञान शर्मा, डबल काफ्ले, पुष्कर जोशी, टेकेन्द्र साउँद, जगत बहादुर शाही, अस्मिता श्रेष्ठ, नहकुल खड्का, सुलभ बैद्य, माधव भट्ट, सुरज आचार्य लगायतलाई चयन गरेको छ । भेलाले १६ सदस्य पछि थप्ने निर्णय गरेको छ ।

क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा विद्यार्थी फ्र्याक्सन इन्चार्ज सीपी गजुरेलको प्रमुख आतिथ्यतामा भएको भेलामा पार्टी स्थीाय समिति सदस्य तथा प्रवक्ता हरिभक्त कँडेल, पार्टी पीविएम कृष्णदेव सिंह दनुवारलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## नेवाः...

ठमेल डबली, जेवी स्कूल, क्षेत्रपाटी, ट्यांग, भेडासिंह हुँदै इन्द्रचोकमा पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभालाई नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठ र नेवाः अधिकारका अगुवा डा. महेशमान श्रेष्ठले सम्बोधन गरेका थिए ।

मोर्चाले बाहिरी चक्रपथ, स्मार्ट सिटी, फास्टट्र्याक, सुखा बन्दरगाह निर्माण तथा सडक विस्तारको नाममा उपत्यकाका नेवारहरूको आदि भूमि, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदालगायत कला संस्कृति झल्कने, मठ, मन्दिर मास्ने काम तीव्र रूपमा भइरहेको र आफ्नै भूमिबाट नेवाहरूलाई बेदखल पार्ने षड्यन्त्र बढिरहेको भन्दै सरकारको विरुद्धमा विरोध प्रदर्शनको आयोजना गरेको हो । नेवारहरूको विशेष साँस्कृतिक तथा धार्मिक महत्व बोकेको करिब १३ रोपनीमा फैलिएको ठमेलस्थित कमलपोखरी गैरकानुनी रूपमा पूर्णतः अतिक्रमण गरी भूमाफियाहरूले बनाएको छायाँदेवी कम्प्लेक्सको पनि मोर्चाले विरोध गरेको छ र उक्त भूमि सार्वजनिक कायम गराउन सरकारसँग माग गरेको छ । मोर्चाले बढ्दो महंगी, भ्रष्टाचार, कालोबजारीका साथै निर्मला पन्तको हत्यारामाथिको कारबाही, सीमा अतिक्रमण, नक्कली नक्सा प्रयोग, १० हजार वर्ग किमी भूमि गायब पारिएको सबालमा पनि सरकारको चर्को आलोचना गरेको छ ।

मोर्चाका केन्द्रीय अध्यक्ष श्रेष्ठले कोणसभालाई सम्बोधन गर्दै सरकारले घोषणा गरे अनुसार बाहिरी चक्रपथ मात्रै बन्ने हो भने पनि ३ लाख रोपनी खेतीयोग्य भूमि अतिक्रमण हुने, त्यसको प्रत्यक्ष असर उपत्यकाबासी नेवाः समुदायमा पर्ने र उनीहरू आफ्नो थातथलोबाट विस्थापित हुन पुग्ने दावी गरे । विकास र समृद्धिको नाममा वर्तमान ओली सरकारले आफ्नै भूमिबाट नेवाः समुदायलाई विस्थापित गर्ने षड्यन्त्र गरिरहेको श्रेष्ठले आरोप लगाए । उनले अहिलेको संघीयता नक्कली संघीयता भएको दावी गर्दै सक्कली संघीयता भएको भए नेवाः समुदायले आफ्नो हितका लागि आफै निर्णय गर्ने अधिकार पाउँथे ।वास्तविक संघीयतामा उत्पीडित जातिहरूको स्वायत्त शासन हुने भन्दै श्रेष्ठले त्यसका लागि मुलुकमा संघीय जनगणतन्त्रको आवश्यकता रहेको औल्याए । उनले भने, 'नेवाः, तामाङ, मगर, गुरुङ, राई, लिम्बू लगायत सबै उत्पीडित जातिहरूको वास्तविक मुक्तिका लागि स्वायत्त शासनमा आधारित पहिचानसहितको संघीयताको आवश्यकता पर्दछ । त्यसका लागि एउटा आमूल परिवर्तनकारी क्रान्तिकारी आन्दोलनको आवश्यकता छ । उत्पीडित वर्ग र जाति एक भएर गरिने नयाँ जनवादी क्रान्तिले मात्र त्यस्तो अधिकारको स्थापना गर्न सक्ने श्रेष्ठले दावी गरे ।

त्यस्तै नेवाः अधिकारका अगुवा डा. महेशमान श्रेष्ठले नेवाः समुदायको अधिकारका लागि सबै एकजुट भएर अधिकारको आन्दोलन चर्काउनुपर्ने बताए । उनले नेवारहरू आफ्नो अस्तित्व रक्षाका लागि अब सडकमा उत्रिने बेला आएको बताए । कार्यक्रमको सञ्चालन नमस्ते सायमीले गरेका थिए भने मोर्चाका नेताहरू शिव श्रेष्ठ र गोर्की श्रेष्ठलगायतका नेताहरूको समेत कोणसभामा उपस्थिति रहेको थियो ।

## वाइडबडी...

चोखो रहेका छैनन् । लहरो तान्दा पहरो गर्जिएपछि यसले छानबिन समितिको छानबिन नै त्रुटीपूर्ण भनेर प्रम ओलीलाई भिटो प्रयोग गर्न लगाएको थियो । हाल आएर डा. गोविन्द केसीको जनपक्षीय मागलाई लिएर 'आफूले संसदलाई अनुरोध गर्न सक्ने तर निर्देशन दिन नसक्ने' भनेर निकै प्रजातान्त्रिक देखिन खोजेको चतुर ओली आफू वाइड बडीमा तानिने बित्तिकै संसदमाथि नै भिटो लगाएका थिए ।

वाइड बडी विमान खरिद प्रकरणमा ४ अर्ब, ३५ करोड ५६ लाख भ्रष्टाचार गरेको संसदीय उपसमितिले पेश गरेको थियो । यसमा सम्बद्ध दोषीहरूको नाम पनि लिखित रूपमा सार्वजनिक गरिएको थियो । तर पछि संसदीय समितिले ओलीदाहालको निर्देशनमा यसलाई त्रुटीपूर्ण भन्दै पुनर्लेखन गरेको थियो । यसो गरेबापत धन्यवाद दिंदै देउवा साक्षी बसेका थिए । उनले पनि उक्त उपसमितिका अध्यक्ष तथा कांग्रेसी नेता राजन केसीलाई संसदीय समितिले जे गर्‍यो, त्यही नै उपसमितिले दिएको थियो, यसमा कुनै पनि हेरफेर भएको छैन भन्नु भनेर निर्देशन समेत दियो ।

कांग्रेसी संसद तथा संसदीय उपसमितिका अध्यक्ष राजन केसीले पनि त्यही गरे, जो निर्देशत र योजनाबद्ध थियो । यो आफैमा संस्थागत भ्रष्टाचारको एउटा ज्वलन्त उदाहरण पनि थियो र हो । यसबाट दोषीहरू उम्किएका छन् र उन्मुक्ति पाएका छन् । वाइड बडी जहाज खरिद काण्डमा त बहालवाला पर्यटनमन्त्री रवीन्द्र अधिकारीले संसदलाई समेत खुल्लमखुल्ला ढाँटेका छन् । तर उनी उन्मुक्त छन् । उनी कानुनभन्दा माथि छन् । यदि होइन भने छानबिन सहजीकरणका लागि उनले सेकेण्ड भरको समय पनि नबिताई तुरन्त राजीनामा दिनुपर्छ ।

उपसमितिको प्रतिवेदन पुनर्लेखन पछि पनि संसदीय समितिले उनको नाम जोड्नबाट छुटाउन भने सकेको छैन । एउटा बहालवाला मन्त्रीका बारेमा ऊ बहाल रही नियम कानुन हातमा लिएर बसेको बखत कसरी ऊमाथि छानबिन हुनसक्छ ? यसका लागि ओली र प्रचण्डको निर्देशनमा तयार पारिएको पुनर्लिखित लेखा समितिले कारबाहीको सिफारिश नै आफैमा पर्याप्त छ ।

संसदीय समितिले पुनर्लेखन गरी पठाउन लगाएपछि सत्ताधारी र प्रतिपक्षको कुरा एउटै छ- 'नयाँ विमान खरिद गर्दा निर्माता कम्पनीसँग मात्र किन्नुपर्ने र बिचौलिया, मध्यस्थकर्ता वा वैंकरहरूससँग खरिद गर्न नहुने' भन्ने भएकाले गल्ती त्यति मात्र हो । सुधारिएको प्रतिवेदन मुस्किलले अख्तियारमा पठाइएको छ । तर दोषीहरू सिंगो राज्य तथा पार्टीका जिम्मेवार तहहरूमा छन् र अख्तियारका कर्मचारीहरूलाई चूप लाग्न निर्देशन दिइरहेका छन् ।

तर पनि लहरो तान्दा पहरो गर्जिने भएकाले ठूलो मानिसको टाँगमुनि बसेपछि एकझरी पानी ओत्नेमा पर्यटन मन्त्री रवीन्द्र अधिकारी ढुक्क देखिएका छन् ।

उनले अनशनरत डा. गोविन्द केसीसँग सरकारले गरेको सम्झौता पालना गर्नुपर्ने बताएका छन् । डाक्टर केसीसँग सरकारले पटक-पटक सम्झौता गरेको तर त्यसलाई कार्यान्वयन नगरी उपेक्षा गरेको पनि उनले आरोप लगाए । उनले भने- 'सरकारले पन्ध्रौं अनशनपश्चात् जुन सम्झौता गरेको छ, त्यसलाई पालना गरी आफ्नो प्रतिबद्धताप्रति वर्तमान प्रधानमन्त्री ओलीजीले ईमानदारीता देखाउनुपर्छ।'

उनले भने,'प्रधानमन्त्रीजीले संसदमा विधेयक गैसकेकाले अब मेरो केही छैन, जे गर्छ संसदले गर्छ भनेर गैरजिम्मेवार अभिव्यक्ति दिनुभयो । सरकारको अहिले प्रचण्ड बहुमत छ । तर, मेरो केही छैन भनेर उहाँले यसरी गैरजिम्मेवार अभिव्यक्ति दिन मिल्छ ? डा. केसीसँग जे सम्झौता र हस्ताक्षर भएको छ, त्यो सबै लागु हुनुपर्छ ।'

मुलुकमा पछिल्लो समय भ्रष्टाचार व्याप्त हुँदै गएको उनले आरोप लगाए । अध्यक्ष लोहनीले भने, 'साँढे ३३ केजी सुन प्रकरणमा जनता अब थाकिसके । फाइल प्रधानमन्त्रीकहाँ अड्किएको छ ।' नेपालबाट अरबौंको धन विदेश लग्ने यथार्थता जनतासामू आएको उल्लेख गर्दै उनले भने,'नेपालको धन देशबाहिर जानु नेपालको कानुनविपरित हो । स्वीस बैंकमा नेपालबाट रकम जम्मा गर्नु स्पष्ट गैरकानुनी हो र यो काम दोस्रो जनआन्दोलनपश्चात् व्यापक वृद्धि भएको छ । द्वन्द्व सकिएपछि २०६३ सालमा मात्रै पनि ४ अरबभन्दा बढि स्वीस बैंकमा जम्मा भएको छ ।

**अमेरिकी शर्तहरू स्वीकार गरेमा तालिवानलाई सत्तासिन बनाइने**

## तालिबानलाई चीन-रसियाबिरुद्ध उकास्ने रणनीतिमा अमेरिका

काठमाडौं । अफगानिस्तानको धेरै भूभागमा आफ्नो कब्जा जमाएर बसेको युद्धरत तालिवान विद्रोहीसँग अमेरिकाले सिधै वार्ता गर्ने प्रस्ताव गरेको छ । यो प्रस्ताव स्वीकार गरी तालिवानका सहसंस्थापक मुल्लाह अब्दुल घानी बरादरको नेतृत्वमा अमेरिकासँग वार्ता गर्ने भनी एक वार्ता टोली पनि निर्माण गरिएको बताइएको छ । तालिवानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले बिहीबार जारी गरेको एक विज्ञप्तिमा उक्त कुरा बताइएको हो ।

अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता गर्ने भनी अमेरिकी राष्ट्रपति ट्रम्पले निर्णय लिएपछि अफगानी राजनीतिले अर्कै मोड लिएको हो । अमेरिकाले अफगानिस्तान र सिरिया त्यसै छोड्नु हुँदैन भनी युरोपीय राष्ट्रहरूले चिन्ता व्यक्त गरिरहेका बखत यो वार्ताको प्रक्रिया अघि बढाइएको हो । विगत १७ वर्षदेखि अफगानिस्तानमा जारी युद्धका कारणहरू पहिल्याउन भन्दै दोहामा सोमबारदेखि वार्ता सुरु गरिने बताइएको छ ।

यो वार्ताका लागि अमेरिकी अधिकारीहरूसँग तालिवानी प्रतिनिधिहरूले कतारको दोहामा केही दिन अघिदखि निरन्तर वार्ता गरिरहेको बताएका छन् । प्रयास जारी रहेको छ तर पनि सोमवार नै वार्ता हुने कुरा औपचारिक रूपमा घोषणा भने गर्न बाँकी छ ।

अमेरिकाले पहिलेका दिनहरूमा अरु मार्फत् गर्दै आएको वार्ताको डोरी प्रत्यक्ष आफ्नै हातमा लिन र धेरै गोप्य कुराहरू आफैले गरी चीन र रुसतिर मुस्लिम लडाइँको बाण फर्काउन चाहिरहेको एशियाका केही राजनीतिक विश्लेषकहरूले बताउन थालेका छन् । अममेरिका-तालिवान वार्तालाई 'अभूतपूर्व' भन्ने संज्ञा दिलाएर एशियालाई एशियाकै विरुद्धमा उतार्ने जमर्कोमा पश्चिमाहरू लागि परेका छन् । यसका लागि विश्वसनीय आधार खडा गर्न विस्तृत शान्ति सम्झौतासम्म पुग्नसकिने सम्मको कुराहरू अनौपचारिक वार्तामा गरिएको विश्वास लिइएको छ ।

अमेरिका हालसम्म केही नबोले पनि यसले आफ्ना कुटनीतिज्ञ तथा विशेष दूतहरूबाट निरन्तर तालिबानी खबर लिइरहेको बताइएको छ । अमेरिकी विशेष दूत जाल्मे खलिलजाद र तालिवानका प्रतिनिधिबीच कतारमा वार्ता भइरहेको पुष्टि पहिल्यै भइसकेको छ । आश्चर्यको कुरा त के पनि भएको छ भने यति लामो वार्ता गर्दा पनि अफगानी सरकारका कुनै पनि प्रतिनिधि उक्त वार्तामा सामेल गराइएका छैनन् । अफगानी सरकारले यस वार्ताका बारेमा निकै चिन्ता जाहेर गरे अमेरिकी पक्षले टेरेको छैन । अफगानिस्तानबाट अमेरिकी सेना पछि हटाउँदा अफगानी सरकारले त्यसो नगर्न अनुरोध गरेपछि ट्रम्पले सो यद्ध लडेवापत अफगानी सरकारले डलर तिर्नुपर्ने बताएका थिए ।

वर्तमान सरकारभन्दा तालिवान आउँदा अमेरिकालाई फाइदा हुने भएपछि अमेरिकाले तालिवानलाई नै अफगानिस्तानको सरकार सुम्पने तयारीमा रहने देखिएको छ । यसबाट अमेरिकी सेना अफगानिस्तानमा परिचालनमा हुने खर्च पनि बच्ने, ट्रम्पको सेना फिर्ता गरिने निर्णय पनि कार्यान्वयन हुने, अफगानी प्राकृतिक साधनस्रोतमा निर्वाध अमेरिकी पहुँच पनि हुने र चीन-रसियाका विरुद्ध फेरि आफ्गानिस्तानलाई प्रयोग गर्न पाइनेमा अमेरिका लागेको देखिन्छ ।

## पोखरा नयाँ पहिचानमा

काठमाडौं । पोखरामा हालै निर्माणाधीन अवस्थामा रहेको सेती बगर-सराङकोट केवल कार निर्माणसँगै पोखराले नयाँ पहिचान अगाडि ल्याउने भएको छ । पर्यटकीय नगरी पोखरामा निर्माण गरिन लागेको यो केवुल कारले २.३ किलोमिटरको केवलकार यात्रा गराउने भएको छ । नयाँ वर्ष २०७६ को आगमनसँगै यसलाई उद्घाटन गरिने लक्ष्य राखिएको बताइएको छ ।

अनुमानित १ अर्ब ४० करोडमा लगानीमा निर्माण गरिन लागेको यो केवुलकार सेवाले प्रतिघण्टा १५०० सेवाग्राहीहरूलाई मनोरञ्जनात्मक सवारी सेवा प्रदान गर्ने छ । प्यारा ग्लाइडिङका उडान सेवाका कारणले निकै चर्चामा आएको सराङकोट अहिले केवुलकार सेवा निर्माणसँगै अर्को भिन्न पहिचानसहित चर्चाको शिखरमा पुगेको छ । यहाँ हाल दैनिक ३ देखि ४ हजारसम्म पर्यटकहरू नियमित आउने जाने गरिरहेका छन् ।

स्थानीय जनताका अनुसार यदि केवुलकारको सेवा सञ्चालनमा आएछ भने त्यहाँ दैनिक न्युनतम् दश हजारको संख्यामा पर्यटकहरू भ्रमणमा आउने विश्वास गरिएको छ । स्थानीय किसानहरू पनि केवुल कार निर्माणसँगै आफूहरूले गरि आएको कृषि व्यवसायमा समृद्धि आउने आशाले निकै खुशी भएका छन् ।

# कथा : देशद्रोहीकी आमा

❑ अनु : ईश्वर राई



• म्याक्सिम गोर्की •

आमाको विषयमा भनेर भन्न सकिदैन र धेरै कालसम्मको व्याख्याले 'आमा' को अर्थलाई बुझाई स्पष्ट पार्न सक्दैन ।

कैयौं हप्तादेखि शत्रुहरूका सेनाले आक्रमण गरी शहरको चारै दिशामा घेराउबन्दी लगाएका थिए । विकराल रात्रीमा आगाका लप्काहरू अन्धकारलाई चिर्दै शहरको वरिपरि असंख्य हत्याराहरूका आँखाझैं देखिन्थे । यस्तो भीषणताले शहरलाई चारैतिरबाट डरैडरको खाडलमा हालिदिएका थिए । शहरका बासिन्दाले आफ्ना घरका सिकुवाबाट प्रतिदिन शत्रुहरूको घेरा मजबुत हुँदै गैरहेको देख्दथे । रातको समयमा शत्रुहरू आगाको चारैतिर बसेको छायाँ देखिन्थ्यो । हट्टाकट्टा घोडाको हिनहिनाहट, हतियारको झनझनाहट र विजयले मस्त भएर गएको आवाज सुनिन्थ्यो । शत्रुहरूमा कुनै डर नै थिएन । त्यसैले गफ गर्ने र गाउने स्वर सुनिन्थ्यो ।

शहरवासीहरूको पानी ल्याउने झरनाहरूमा शत्रुहरूले लासहरू बगाइदिएको थिए । सिकुवाका चारैतिरका अंगुरका बगैंचाहरू जलाएर खरानी पारिदिएका थिए । खेतका सबै बालीनाली माडेर सबै उजाड पारिदिएका थिए । अब शहरसम्म पुग्नलाई बाटो सफा थियो । प्रायः दिनै जसो शहरमा शत्रुहरूका तोप, बन्दुक र गोलीका वर्षा हुन्थे ।

शहरको व्यस्त गल्लीमा लडाइदेखि थाकी भोकाएका सिपाही गस्ती लगाउँथे । घरका झ्यालहरूदेखि घाइतेहरूको रोदन आवाज, बूढा-बुढीहरूको चित्कार, स्त्रीहरूको प्रार्थना र नानीहरूको रोएको स्वर सुनिन्थ्यो । आवाज फुस्फुसाहट गर्दै बात मार्दा-मार्दै अचानक अचम्मसँग रोकिन्थ्यो । यसरी हरपल उनीहरूलाई शत्रुको डर रहन्थ्यो ।

यस्तो वातावरणले रातको समयलाई ज्यादा मात्रामा खतरा बनाउँथ्यो । सुनसान अँध्यारोमा मानिसहरूको चित्कार र पुकार अधिक स्पष्ट सुनिन्थ्यो । टाढा पहाडको भञ्ज्याङ्देखि काला-काला छायाँहरू शहरको भग्नावशेष तर्फबढिरहेको देखिन्थे । पहाडको कालो चुचुरामाथि उदाउँदै गरेको चन्द्रमा पनि तलवारले चोट खाएको जस्तै देखिन्थ्यो ।

शहरको सबै बासिन्दाहरू पूर्णरूपले निराश भैसकेको थिए । प्रतिदिन सुरक्षाको आशा कम हुँदै गैरहेको थियो । उनीहरू भयभित् दृष्टिले चन्द्रमा र पहाडको चुचुरो, भञ्ज्याङ्को कालो गुफा र कहालीलाग्दो शत्रुहरूका खेमालाई हेर्दथे । हरेक वस्तुहरूले उनीहरूलाई मृत्युको सम्झना गराइदिन्थे भने पहरा दिने ताराहरू पनि आकाशमा देखिदैन थिए ।

आफ्नो घरमा बत्ती बाल्न पनि उनिहरू डराउँथे । त्यसैले गल्ली र सडकहरू घोर अन्धकारले ढाकिएका हुन्थे । जसरी माछा पानीको गहिराइमा सर्दछ, त्यसरी ने शिरदेखि पुछारसम्म कालो कपडा ओढेकी एक स्त्री चुपचाप शहरको अँध्यारो गल्लीबाट फर्किरहेकी थिइन् । उनलाई देखेर मानिसहरू फुस्फुसाए ।

'यी यही हुन् ?'

'हो, उही हुन् ।'

उनी एकछिन रोकिन्थिन् फेरि शिर झुकाई अगाडि बढ्थिन् । त्यसबेला कप्तान उनलाई आग्रह गर्दै कडा स्वरमा भन्थे 'श्रीमती मेरी अन्ना तिमी फेरि निक्ली आयौ ?बाँचेर हिंड, नत्र कसैले तिमीलाई मार्न सक्छ । हत्यारालाई कसैले रोक्न सक्दैन ।' मेरी अन्ना अडिन्थिन् । पहरेदारदेखि डाउँदै वा घृणाभाव देखाउँदै उनी अगाडि बढथिन् ।

जब अँध्यारोमा उनी एक्लै हुन्थिन, तब अर्को गल्लीतर्फबढ्न सुरु गर्थिन् । शहरको सुनसान भूताहा वातावरणदेखि निक्लँदा, चित्कार वेदना, पुकार, प्रार्थना र सिपाहीहरूका गालीले उनको पछि-पछि शिकारीले पिछा गरेझैं भान हुन्थ्यो ।

एक नागरिककी आमा भएको नाताले उनी आफ्नो मातृभूमिका साथै छोराको बारेमा सोच्थिन, कारण मातृभूमिमाथिको आक्रमणकारीको नायक नै उनको छोरा थियो सुन्दर र क्रुर । अहिले अलिकति पनि समय वितेको थिएन, जब कि उनले गर्वसाथ आफ्ना छोरालाई देखेकी थिइन् । आफ्नो देशका लागि उनले आफ्ना छोरालाई एक अमूल्य उपहार संझिएकी थिइन् र एक कल्याणकारीको रूपमा संझिएकी थिइन् । प्राचीन कालका ईंटाहरूबाट उनीहरूले आफ्ना घर शहरहरू बनाएका थिए भने त्यही भूमिमा आफ्ना नातेदारहरूका हड्डी पनि गाडेका थिए । मातृभूमिको किंवदन्ती, गीत र आशा-निराशाहरू संगसँगै उसको हृदय सयकडौं अदृश्य धागाहरूले बाँधेको थियो ।

उनी आँशु बगाइरहेकी थिइन् कारण उनको प्यारो छोरा उनीदेखि छुट्टिएको थियो । एकातिर छोराको ममता, अर्कोतिर मातृभूमिको प्रेम थियो । उनी यो दुवैलाई तौलिन चाहन्थिन् ।

पागलझैं उनी रातमा शहरको गल्ली-गल्लीमा घुमिरहन्थिन् । जो मानिस उनलाई चिन्दैनथे, उनीहरू त्यस कालो कपडाबाट साक्षात मृत्युको छायाँ हो भनी भयभीत हुन्थे । जब उनीहरू देशद्रोहीकी आमा भनेर चिन्दथे, तब घृणाले मुख अर्कोतिर फर्काउँथे ।

एक दिन आँगनको किनारमा एउटी आइमाई मृत लाशमाथि स्थिर माटाको ढिस्को सरह झुकिरहेको उनले देखिन् । तिनी दुःखी देखिन्थिन् । दुःखले ओइलाएर तारातिर फर्किएर प्रार्थना गरिरहेकी थिइन् । आँगनमा पहरेदार दबेको स्वरमा कुरा गरिरहेको थियो । कहिलेकाहीं हतियार बजेको आवाज पनि सुनिन्थ्यो । देशद्रोहीकी आमाले त्यस आईमाईलाई सोधिन् ।

'यो तिम्रो पति हो ?'

'होइन ।'

'भाइ हो ?'

'होइन ।'

'मेरो छोरा हो । मेरा पतिलाई तेह्र वर्ष पहिले मारिदिएको थियो र आज मेरो छोरालाईपनि मारिदियो ।'

आफ्नो ठाउँदेखि उठेर ती आईमाईले विनम्रतापूर्वक भनिन् 'आमा मेरी अन्ना अन्तर्यामी छिन्, म उनीप्रति धेरै कृतघ्न छु ।'

'तपाईं कृतघ्न कसरी हुनु भो ?'

किनकि मेरो छोराले आफ्नो मातृभूमिका लागि लड्दा लड्दै सँच्चा वीरझैं प्राण वलिदान दियो । मेरो छोरा धेरै बहादुर थियो । मलाई डर थियो कि कतै मेरो छोरा पनि मेरी अन्नाको छोराझैं देशद्रोही त हुँदैन ? भगवान र मासिको शत्रु हाम्रो शत्रुको नाइके हो, जसले आफ्नी आमाको कोखलाई कलंकले पोतिदियो ।

मेरी अन्नाले आफ्नो अनुहार छोप्न अगाडि बढिन् । पहिलो दिन मेरी अन्नाले रक्षकहरूको अगाडि आएर भनिन् 'मेरो छोरा तपाईंहरूको शत्रु भयो । तसर्थ मलाई मारिदिनुहोस् अथवा यो फाटक(दैलो) खोलिदिनु होस् ताकि म आफ्नो छोराका सामु जान सकुँ र मेरो आकांक्षा पूरा गर्न सकूं ।'

रक्षकले उत्तर दिदै भने 'तपाईं पनि त मानिस हुनुहुन्छ, तपाईंलाई पनि त आफ्नो मातृभूमिको मायाँ लाग्छ, तपाईंको छोरा जति हाम्रो शत्रु हो, त्यतिनै तपाईंको पनि त शत्रु हो ।'

'तर म त उसकी आमा हुँ । ऊ देशद्रोही हुँदा ममाथि मात्र कलंक लाग्छ ।' आपस्तमा सल्लाह गरेर रक्षकहरूले उनलाई आफ्नो निर्णय सुनाए 'पाप तपाईंकै छोराले गरेको हो, तसर्थ हामी तपाईंको ज्यान लिन उचित ठान्दैनौं । हामी जान्दछौं कि तपाईं उसलाई कहिल्यै पनि देशद्रोही बन्न दिनु हुँन्नथ्यो । तर, ऊ देशद्रोही बन्यो, त्यसैले तपाईंको हृदय ज्यादै दुखिरहेको छ, तसर्थ तपाईंले उसलाई रोक्ने कुनै आवश्यकता नै छैन । तपाईंका छोराले तपाईंलाई के वास्ता गर्छ ? त्यसले तपाईंलाई विर्सी पनि त सक्यो । यदि तपाईंलाई सजाय चाहिन्थ्यो भने त्यो मृत्युभन्दा पनि घृणित लाग्छ ।'

'हो' मेरी अन्नाले उत्तर दिइन् ।

'अवश्य यो मृत्युभन्दा पनि घृणित हुन्छ ।'

त्यसपछि रक्षकहरूले शहरको फाटक खोलिदिए ।

मेरी अन्नाले त्यो भूमिलाई छोडिन्, जुन भूमिलाई उनको छोराले रगतमा डुबाइदिएको थियो । पाइला अगाडि बढ्न चाहँदैन थिए । आफ्नो जन्मभूमिसंग नाता छुटाउन मन थिएन, तर कलंक मेटाउन बिस्तारै बिस्तारै अगाडि बढ्दै गइन् ।

बाटोमा कुनै देशभक्तको लाश देखेमा शिर झुकाएर अभिवादन गर्थिन् । भाँच्चिएका हतियारहरूलाई घृणाले एकातिर फ्याँक्दै हिँड्थिइन् । हरेक आमालाई युद्धका हतियारदेखि घृणा हुन्छ किनकि उनी निर्माण चाहन्छिन् ।

उनी यसरी समालिंदै हिँड्थिइन् मानौं उनले आफ्नो कपडामा अमृतले भरिएको बटुको लुकाएकी छिन् जसको उनी एक थोपा पानि खसाउन चाहन्नन् । शहरबासीहरू पर्खालदेखि उनलाई टाढा र सानो हुँदै गएको देख्थे । जब उनी आधा बाटोमा पुगिन् तब आफ्नो कपडा पछाडि फ्याँक्दै टोलाएर शहरतर्फहेर्थिन् । धेरै बेरसम्म उनी यसरी नै स्थिर रहिन् । शत्रु पक्षले जब उनलाई देखे, सोधपुछ गर्न एउटा सिपाही पठाए । उनीहरूलाई यो जान्नु थियो कि उनी को हुन् र कहाँबाट आइन् । 'तिमीहरूको नायक मेरो छोरा हो' मेरी अन्नाले उनीहरूलाई भनिन् । सिपाहीहरू उनका चारैतिर भेला भए । उनीहरू उनलाई छोराको विरताको र शाहसको गुनगान सुनाउन थाले । मेरी अन्नाले अलिकति पनि आश्चर्य प्रकत नगरी शिर ठाडो गरिन् । यो कसरी हुन सक्छ कि उनको छोरा शाहसी र वीर नहोस् ?

अब अहिले उनी उसको सामुने उभिएकी थिइन् जसलाई उनले नौ महिना आफ्नो कोखमा राखेकी थिइन् जो उनको मुटुको टुक्रा थियो । उसका हतियारमा रेशम र मखमलले ढाकेको, हिरा र जवाहरातले जडिएको चक्कु थियो । उनी सोच्थिन् कि उनका छोरासंग यसरी नै धन, यश र कीर्ति होस् ।

उसले आमाको हात चुम्दै भन्यो 'आमा तपाईं मेरो साथमा आउनुभयो, अब हेर्नुहोस् भोलि शहरमाथि अधिकार जमाउँछौं ।'

'यसै शहरमा त तिमी जन्मेका थियौ ।' मेरी अन्नाले भनिन् । उसलाई शक्तिको नशाले छोपेको थियो । ऊ प्रसिद्धिको लागि बौलाहा भएको थियो । जोशिलो हुँदै भन्यो 'म यस विश्वलाई मेरो शक्तिले हल्लाउनका लागि जन्मिएको हुँ । खालि तपाईंको लागि मैले यो शहरलाई अहिलेसम्म छोडेको थिएँ । मेरो मनमा काँटीले घोचेझैं प्रसिद्धि पाउनका लागि मलाई अगाडि बढ्न छेकेको थियो, तर भोलि म अबुझ र जिद्दीवालहरूको यो शहरको नाम निशाना नै मेटाइदिन्छु ।'

'यहाँका एक-एक ईंटाले तिम्रो जुन केटाकेटी अवस्था देखेको थियो, त्यो उनीहरूलाई अहिलेसम्म थाहा छ ।' मेरी अन्नाले भनिन् ।

'ईंटा, ढुंगा प्राण नभएका वस्तु हुन्, यदि मानिसले त्यसमा प्राण हालिदिए बोल्थ्यो । तर, म चाहन्छु कि यो विशाल पहाड मेरो कीर्तिले अझ चुलिएर उठोस् ।' 'अनि मानिस ?'

'अँ, तिनीहरूलाई पनि बिर्सिएको छुइनँ, आमा उनीहरूको पनि मलाई आवश्यकता छ । किनकि योद्धा उनीहरूकै सम्झनामा अमर रहन्छन् ।' मेरी अन्नाले भनिन्- 'साँचो योद्धा त्यो हो, जसले जीवनको निर्माण गर्दछ र मृत्युमाथि विजय प्राप्त गर्दछ ।'

'होइन, कुनै शहरलाई जसले निर्माण गर्दछ, त्यति नै त्यस शहरलाई ध्वस्त गर्नेको पनि नाम हुन्छ । मलाई थाहा छैन कि रोमको निर्माण एनीज र रोमलुसले गरेको थियो । तर, मलाई राम्ररी थाहा छ कि अलेरींक र अरु योद्धाहरूले त्यसलाई ध्वस्त पारे ।'

मेरी अन्नाले फेरि सोधिन- 'अन्त्यमा को अमर हुन्छ ?' आफ्नो छोराबाट उनले उद्दण्डतापूर्ण उत्तर पाएर पनि कुरा काट्दै रहिन, तर आत्मग्लानीले उनको शिर निहुरियो । आफ्नो छोरामाथिको जुन शाहस र वीरतामा गौरव गर्थिन् ती सब चकनाचुर भए ।

एक आमाले जीवन निर्माण गर्छिन् र त्यसको रक्षा गर्छिन् । विध्वंश र बर्बादको कुरा गर्नु उनको मातृत्वलाई अपमान गर्नु हो । मेरी अन्नाको छोरामा यस्तो विचार कहाँ आउन सक्थ्यो ? उसले आफ्नी आमाको मातृत्वमा चोट पुर्याएको बुझ्न सकेन ।

हरेक आमा मृत्युको विरोधी हुन्छन् र घृणा गर्छिन् । कुनै मानिसको कारण कसैको मृत्यु भएमा त्यो आमाको दृष्टिमा जघन्य अपराधी हुन्छ । मेरी अन्नाको छोराले सम्झने कोशिस गरेन कि ऊ हृदयलाई मुर्दा बनाइदिन्थ्यो । व्यक्तित्वको चमकले अन्धा भएसकेको थियो । आमाले सृष्टि गरेको प्यारो जीवनमाथि आँच आउँदा कतिको चालक, निर्दयी र निडर हुन्छ भन्ने कुरालाई मेरी अन्नाको छोराले बुझ्न सकेन ।

मेरी अन्ना शिर झुकाएर छोराको खेमाबाट आफ्नो प्यारो शहरलाई हेर्दै बसिरहिन् जहाँ एक दिन उनले आफ्नो कोखमा विचित्र किसिमको स्पन्दन गरी कठिन प्रसव वेदना सहेर आफ्नो छोरालाई जन्माएकी थिइन् । त्यही छोरा आज यो शहरलाई आफ्नो मातृभूमिलाई तहस नहस गर्न सोचिरहेको छ ।

डुब्दै गरेको सूर्यको रातो किरण सिकुवामा परिरहेको थियो । पूरा शहर नै रगतले रंगिएको भान पर्थ्यो । झ्यालका जम्मै शिशाहरू फुटेका थिए । मानौं शहरलाई चोट लागेकाले प्रत्येक जीवनको आलो रगत बगिरहेको दृश्य देखिन्थ्यो ।

हेर्दा हेर्दै यी सबैलाई अँध्यारोले आफ्नो अधिकारमा लुकायो । एउटा लाशझैं सारा शहर अँध्यारोमा डुब्यो । आकाशमा टिल्पिलाएका तारा लाशको शिरमा जलाएको दियो झैं लाग्थ्यो ।

मेरी अन्नाले ती घरहरूतर्फएक टक लगाएर हेरिरहिन् जहाँका बासिन्दाले शत्रुहरूको डरले दियो बाल्नसम्म पनि बन्द गरेका थिए । उनी अँध्यारोमा लपेटिएर ती गल्लीहरूतर्फहेर्न थालिन जहाँबाट सडेका लाशहरूको दुर्गन्ध फैलिरहेको थियो । मृत्युको प्रतिक्षा गरिरहेका मानिसको फुस्फुसाहट पनि उनी सुन्दै रहिन् । यी सबैप्रति उनको हृदयमा अगाध प्रेम र ममता मडारिरहेको थियो । उनी चुपचाप थिइन् र आफ्नो फैसलाको प्रतिक्षा गरिरहिन् । शहरका हरेक व्यक्तिकी उनी आमा हुन् भन्ने कुरा उनलाई महशुस भैरहेको थियो ।

यसै अवस्थामा पहाडको टाकुराबाट भञ्ज्याङ्तर्फ हवाई घोडा झैं दौडँदै छहरा यस अभागी शहरतिर हानियो ।

'यदि रात अझ अँध्यारो भएको भए आजै धावा बोलिदिन्थें ।' मेरी अन्नाको छोराले आमालाई भन्यो 'दिनको गर्मीमा चमक पैदा हुन्छ र हतियार चम्कन्छन् । त्यसैले धेरै पटक निशाना बेकार हुन्छ' यति भनेर उसले तलवारमा दृष्टि लगायो ।

मेरी अन्ना बोलिन् 'आऊ मेरो छोरा, तिम्रो टाउको मेरो काखमा राख र एकछिन सुत । बाल्य अवस्थामा मैले तिमीलाई कति खेलाउँथें, कति माया गर्थें । सबै तिमीलाई कति मायाँ गर्थें ।

उसले मेरी अन्नाको काखमा शिर राख्यो र आँखा बन्द गर्दै भन्यो 'म खाली कीर्ति र यश चाहन्छु । तपाईंलाई म धेरै मायाँ गर्छु किनकि जो म हुँ तपाईंले नै त बनाएको हुँ ।'

मेरी अन्नाले उसंग सोधिन् 'के तिमीलाई स्त्री चाहिँदैन ?' 'ती त धेरै पाइन्छन् । उनीहरूप्रति मेरो कुनै चाहना नै छैन, किनकि ज्यादा मिठो हुने वस्तुले मन अघाएको छ ।'

'के तिमी आफ्नो नानी होस् भन्ने चाहदैनौ ?'

'नानी ? केको लागि ? म जस्तै दोश्रो व्यक्तिले उसलाई मारोस् भन्नाका लागि ? यस्तो प्रकारले मेरो मनमा चोट पुग्छ, म बूढोर कमजोर भएपछि पनि उसको बदला लिन सक्दिनँ ।'

मेरी अन्नाले गम्भीर श्वास छोडिन् 'छोरा, तिमी ज्यादै प्यारो छौ तर बिजुलीको चम्काइ झैं बेकार पनि छौ ।

'हो आमा, म बिजुली हुँ बिजुली ।' उसले सानु नानीझैं शिर आफ्नो आमाको छातीमाथि राखेर सुत्यो ।

मेरी अन्नाले प्यारो साथ आफ्नो छोरालाई आफ्नै कपडाले छोपिन् र जहाँ ठीक ठाउँमा मुटु धड्कन्छ, त्यहाँ आफ्नो हातले चक्कु रोपिन् । हुन पनि आमा सिवाय अरु कसलाई थाहा हुन सक्छ कि कहाँ मुटु धड्कन्छ भनेर ? उसको शरीरमा एक पटक थर्थराहट पैदा भयो त्यसपछि मुर्दा भएर लड्यो ।

मेरी अन्नाले आफ्नो प्यारो छोराको लाशलाई दोधारमा परेको रक्षकहरूको अगाडि लडाइदिइन् र आफ्नो जन्मभूमि शहरलाई सम्बोधन गर्दै भनिन् 'एक नागरिक यस्तै नै आफ्नो मातृभूमिका लागि जो म गर्न सक्दथें त्यो मैले गरेको छु । एउटी आमाको नाताले म यो छोराको साथमा छु । मेरो अर्कोछोरा जन्माउने उमेर नै छैन त्यसैले मेरो जीवन अब आफ्नो मातृभूमिको लागि केही उपयोगी छैन ।'

त्यसपछि जुन् चक्कु छोराको रगतले लत्पतिएको थियो, त्यसैले दृढताका साथ आफ्नो मुटुमा रोपिन् । निशाना यस पटक पनि ठीक ठाउँमा पर्यो । दुखिरहेको हृदय खोज्नलाई ढिलो नै पो कहाँ हुन्छ र ?

*साभार : साहित्य संग्राहलय*

## कविता

### आफैमाथि व्यंग्य



लुसुन

दुर्दिनमा जन्मेको मैले
के गर्न सक्थैं र ?
हावामा पल्टाबाजी खान डराएथैं तापनि
आखिर थाप्नु पर्यो मुड्की टाउकैले ।

च्यातिएको टोपीभित्र मुख लुकाएर
व्यस्त बजारको बीचबाट म गुज्रन्छु ।
चुहिएको डुङ्गामा रक्सी राखेर
म नदीको धारसँगै बग्छु ।

आँखीभौँ तन्काउँछु, रत्ति पर्वाह नगरी
मतिर ठड्याएका हजार बैरीका औँलाको
शिर निहुर्याई, बनेर गोरु नै
सेवा गर्छु बरु केटाकेटीहरूको ।

एकान्त सानो मेरो कोठामा
एकान्त स्थितिको आनन्द लुट्नेछु ।
कसले पर्वाह राख्छ, हिउँद होस् वा गर्मी ?
कसले पर्वाह राख्छ, शरद होस् वा वसन्त ?

### लामो परेड



माओ त्सेतुङ

दसौं हजार विकट पर्वत र मुसलधारे वर्षालाई
सजिलैसँग परास्त गर्ने लालसेनाहरू
लामो परेडको गोरेतो देखेर तिर्सिदैनन् ।

पाँच चुचुराले सौम्य तरङ्ग प्रवाहित गर्छन्
अनि, माटोका मसिना डल्लाहरूले
गौरवका साथ उमिङको फन्को मार्छन् ।

उनीहरूका लागि न्याना हुन्छन्
पानीले भिजेका सुनौलो, बलौटे, भिराला चट्टानहरू ।
उनिहरूका लागि चिसा हन्छन्
तातु नदी वारि-पारि तन्किएका फलामे साङ्लाहरू ।
मिन्सानको हजारौं कोस हिउँ
उत्साहपुर्वक पार गर्दै
उत्साहले धपक्क बलेको अनुहार लिएर
लालसेनाहरू परेड खेल्छन् ।

## सूचना

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित भएको विचारप्रधान त्रैमासिक

'वर्गबोध'

बजारमा उपलब्ध छ, आफ्नौ प्रति बेलैमा सुरक्षित गरौं ।

प्रकाशन विभाग

वर्गबोध त्रैमासिक

आलोपालो

# सुकुम्बासी समस्या र क्रान्तिकारी आन्दोलन

● कुलबहादुर वि.क

हाम्रो देशमा सुकुम्बासी समस्या लामो समयदेखि रहँदै आएको छ। अन्य समस्याहरूको राज्यद्वारा केही न केही संबोधन भए पनि सुकुमबासी समस्या लामो समयदेखि ज्युँका त्युँ रहिआएको छ। नेपालजस्तो कृषिप्रधान देशमा पनि सुकुम्बासी समस्या समाधानहुन न सक्ने समस्या भनेर पन्छाइने गरिएको छ। यसलाई जग्गा विवरण गरेर समाधान नहुने भन्दै विभन्न कोणहरूबाट व्याख्या गर्ने गरिएको पनि पाइन्छ।

हुन पनि हो यो विधि बाट सुकुम्बासी समस्या समाधान हुँदैन। तर संसारमा यस्ता समस्याहरू छन्, जुन समस्याहरूको समाधान नहुने कुनै पनि कुरा छैन। सुकुम्बासी समस्या समाधान गर्न त्यो निम्ति जग्गा वितरण गर्नु सुकुम्बासी समाधानको पहिलो र एक आधारभूत काम भने त पक्कै हो। यसबाटै थप अन्य कार्यक्रमहरू बनाएर फेरि थप सुकुम्वासी नबनून् भनेर काम कार्यान्वयन गर्दै जाने हो।

सुकुम्बासी समस्या सामान्ती व्यवस्थाको उपज हो। यो सामन्तवादी व्यवस्थाको असंबोधित र विकृति रूप पनि हो। यो भनेको कृषि-औद्योगीकरणहुँदै पूर्ण औद्योगीकरणतर्फ देशको आर्थिक विकास हुन नसक्नुको कारण पनि हो। भुमिको प्रयोग कृषिमजदुरको अवस्थाबाट औद्योगिक मजदुरको रूपमा विकास हुन नसकेको बीचको अवस्था हो। सुकुम्बासीहरू आफैमा अर्ध मजदुर र अर्धकृषकका रूपमा बाँचेका छन्।

सुकुम्बासीहरू हाल श्रम बेचेर जीवन निर्वाह गरिरहेका छन्। उनीहरूले भूमिको प्रयोग बासका लागि र श्रम विक्री खानका लागि गरिरहेका छन्। कर्तकतै त उनीहरू यही भूमिको प्रयोग गरी कृषिकार्य, पशुपालन र अन्य कृषिजन्य गतिविधिहरू गरिरहेका छन्। सुकुम्बासी समस्या समाधानका पहिलाको कुरा त सम्पूर्ण भूमि राज्यको मातहतमा हुनु पर्छ। राज्यले कृषिआवास र औधोगिक क्षेत्रको रूपमा भूमिको एकीकरण र र वैज्ञानिक ढंगबाट वितरण गर्न पाउनु पर्छ। यसको उच्च र उत्तम रूप भनेको क्रान्तिकारी भूमिसुधार नै हो।

यो समस्या समाधानको पुरानै तरीका पनि हो। यो मूलतः कृषि क्षेत्रबाट विस्थापितहरूको समस्याको समाधान हो। यसको अग्रगामी हल भनेको त उद्योगहरू निर्माण गरेर ती सुकुम्वासीहरूलाई श्रमरोजगारीको ग्यारेन्टी गरिनु हो। यसका लागि उचित पारिश्रमिकको व्यवस्था जरुरी छ। तर विना विकल्प सुकुम्बासी हटाउने कार्य जनतालाई दुख दिने मात्र हो।

उद्योगधन्दा कलकारखाना निर्माण नहुँदासम्म जनताका लागि ओत लाग्ने ठाउँ को माग हो जग्गा। यसको समाधानका लागि सरकारले नयाँ र अग्रगामी कार्यक्रमहरू ल्याउनु पर्छ। राज्यपक्षले बिरालोलाई कोठामा थुनेर मार्न खोजे जस्तो गरी सुकुमबासीमाथि जाइ लाग्नु गलत रहेको छ। यदि यसो गरियो र दमन गरेरै तह लगाइने सोचियो भने सुकुमवासीहरू आन्दोलनमा उत्रनुको विकल्प पनि रहँदैन। यसलाई क्रान्तिकारी वर्गको सदा साथ रहँदै पनि आएको छ।

सुकुम्बासी समस्या नेपालको आफ्नै समस्या हो। यो समस्या नेपालभरि नै छ। कास्की जिल्लामा यो समस्या निकै ठूलो र विकराल बनेर उभिएको छ। समस्या समाधानका लागि कास्की जिल्लामा धेरै पटक मागहरू भए र संघर्षहरू पनि भए। सर्वहारा, मजदुर तथा सुकुम्वासीहरूका बीचमा एकता पनि कायम रहिआएको छ। एकपछि अर्को मागहरू पूरा गराउँदै पनि आइरहेका छौं। यो प्रदेशका शासकहरू पनि यो सस्यादेखि विमुख हुन सकेका छैनन्। ध्यानआकर्षणका गतिविधिहरू एकपछि अर्को गरी गराई नै रहेका छौं। य

तथापि यो समस्याको समाधानतर्फ भने कुनै पनि निकायले समाधानका हेतु सही कार्यक्रमहरू अघि बढाएको देखिएको छैन। अचम्मको कुरा त के पनि देखिएको छ भने वर्तमान सत्ताधारीहरूले यो समस्या समाधानगर्न तर्फ कुनै चासो दिएका छैनन्। यसले सुकुम्बासीहरूलाई संघर्षतिर धकेल्न खोजिरहेको छ। यसको मुख्य कारण हो, सरकार र राज्यसत्ता पुरानै संसदीय अवस्थामा रहि नै राख्यो। तसर्थ, सर्वहारा, मजदुर, सुकुमवासीहरूले पुरानो शासनको अन्त्यका लागि पहिलो शर्तको रूपमा संघर्षसशुरुआत गर्नु जरुरी छ। दोस्रो कुरा, यस संघर्षका दौरानमा प्राप्त उपलब्धिहरूलाई संरक्षण गर्दै एक आपसमा गोलबन्द भइरहन पनि जरुरी छ। हरेक क्रान्तिकारीहरू सुकुम्बासी समस्याप्रति गम्भीर बन्दै जानु पर्दछ। सुकुमबासीसँग हातेमालो गर्दै अघि बढ्नुपर्छ। यदि यसो भएन भने क्रान्तिकारी वास्तवमा साँचो अर्थमा क्रान्तिकारी बन्न सक्दैनन्। सुकुम्वासीहरूको वास्तविक मुक्ति जनवादी क्रान्ति पूरा गरी सामाजवादी राज्य व्यवस्थासँगै मात्र संभव छ।

*(लेखक क्रान्तिकारी युवा लिग ४ न. प्रदेशका सदस्य हुन्।)*






# बिगेसोको वैचारिक सांस्कृतिक कार्यक्रम भव्य रूपमा सम्पन्न




काठमाडौं। पूर्व ब्रिटिश गोर्खाहरूको संगठन बिगेसोको वैचारिक सांस्कृतिक कार्यक्रम शुक्रवार साँझ काठमाडौंको कममलादीस्थित राष्ट्रिय प्रज्ञा प्रतिष्ठानमा भव्य रूपले सम्पन्न भएको छ। नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' द्वारा उद्घाटित उक्त वैचारिक सांस्कृतिक कार्यक्रम निकै रोचक प्रस्तुतिका साथ सम्पन्न भएको थियो।

कार्यक्रममा ख्यातिप्राप्त राष्ट्रिय कलाकारहरूको उपस्थितिले निकै रौनकता ल्याएको थियो। जनकलाकार विसाल योञ्जन, अग्रज कलाकार शम्भु राई, देसु सुहाङ, जीवन शर्मा लगायतले जीवन संघर्षका गीतहरू गाउँदा हल नै नाचेको थियो।

कार्यक्रम आफैमा वैचारिक सांस्कृतिक भएकाले विचार अभिव्यक्तिका लागि वक्ताहरूलाई पनि स्थान दिइएको थियो। कुटनीतिक विद तथा पूर्व राजदूत हिरण्यलाल श्रेष्ठले उक्त कार्यक्रम विचार, संस्कृति र भावनात्मक संवेगको अपूर्व मेल भएको कुरामा जोड दिएका थिए। वक्ता तथा बिगेसोका सल्लाहकार परि थापाले कार्यक्रमले सांस्कृतिक प्रस्तुतिका माध्मबाट विचार दिइएको कुरामाथि प्रकाश पारेका थिए। त्यसै गरी देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष तथा बिगेसोका सल्लाहकार सीपी गजुरेल बिगेसोले उठाएका कुराहरू राष्ट्रियता र जनजीविकासँग जोडिएको बताएका थिए।

कार्यक्रममा गीत गायनका साथै नाटक पनि मञ्चन गरिएको थियो। लाहुरेको कथालाई लिएर मञ्चन गरिएको उक्त नाटकले दर्शकहरूको ध्यान निकै खिचेको थियो। कार्यक्रमको अन्त्यमा बिगेसोका सल्लाहकारहरू सीपी गजुरेल, परि थापा, ओम गुरुङ र हिण्यलाल श्रेष्ठलाई सम्मानपत्र दिएर सम्मान गरिएको थियो।

कार्यक्रम यासुली योङहाङको सञ्चालन र पदमसुन्दर लिम्बुको अध्यक्षतामा सम्पन्न भएको थियो।

## क्रान्तिकारी ट्रेड यूनियन महासंघद्वारा श्रद्धाञ्जली व्यक्त



काठमाडौं। अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका केन्द्रीय सदस्य तथा अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर संघका बरिष्ठ उपाध्यक्ष सुरेन्द्र राईकी आमा रामकुमारी राईको ८१ वर्षको उमेरमा भएको दुःखद् निधनको खबरले महासंघ स्तब्ध भएको भन्दै महासंघले दिवंगत राईप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ। महासंघका केन्द्रीय संयोजक इश्वर तिमिल्सिनाले एक वक्तव्य जारी गर्दै रामकुमारी राईको निधनबाट शोकाकूल बनेका परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरेको छ। राईको भोजपुर जिल्ला अरुण गाउँपालिका वडा नं. २ चम्पे स्थित आफ्नै निवासमा आज (बुधबार) विहान निधन भएको थियो।

## क्रान्तिकारी पत्रकार महासंघद्वारा भावपूर्ण श्रद्धाञ्जली व्यक्त



काठमाडौं। संगठनकी केन्द्रीय कोषाध्यक्ष अमीरमैया रञ्जितकी आमा बाबामैया रञ्जितको निधनप्रति दुःख व्यक्त गर्दै क्रान्तिकारी पत्रकार महासंघ केन्द्रीय समितिले दिवंगत रञ्जितप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेको छ।

संगठनका केन्द्रीय अध्यक्ष इन्द्र राउतले आज एक शोक वक्तव्य जारी गर्दै दिवंगत रञ्जितप्रति श्रद्धाञ्जली व्यक्त गरेको हो। अध्यक्ष राउतले जारी गरेको शोक वक्तव्यमा संगठनकी कोषाध्यक्ष अमीरमैया रञ्जित लगायत सम्पूर्ण शोकाकूल परिवारजनप्रति गहिरो समवेदना प्रकट गरिएको छ।

दिवंगत रञ्जितको शनिबार पशुपति आर्यघाटमा अन्त्यष्टी गरिएको छ। काठमाडौं मनपा-२०, माझीपाट निवासी रञ्जितको शुक्रबार बेलुका ८ बजे हरि सिद्धि स्थित क्यान्सर अस्पतालमा ७१ वर्षको उमेरमा निधन भएको थियो। उहाँ ब्लड क्यान्सर रोगबाट पीडित भई उपचार गराउँदै आउनुभएको थियो। उहाँका आठ छोरी र १ छोरा रहेका छन्।

## क्रान्तिकारी माओवादीले नवलपुरमा रातो मार्चपास गर्ने

● शोभा जिसी

नवलपुर। मोहन वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) नवलपुरले जनयुद्ध दिवस संघर्षकै रूपमा मनाउने निर्णय गरेको छ। क्रान्तिकारी माओवादीका जनवर्गीय संगठनहरू र मोर्चाको शविनार बसेको संयुक्त बैठकले आगामी फागुन १ गतेको जनयुद्ध दिवस संघर्षकै रूपमा मनाउने निर्णय गरेको हो।

क्रान्तिकारी माओवादी नवलपुर जिल्ला सेक्रेटरी उत्तम थापाको विशेष उपस्थितिमा शनिबार कावासोतीमा बसेको बैठकले आगामी फागुन १ गते जिल्लामा रातो मार्चपास निकाल्ने निर्णय पनि गरेको छ। क्रान्तिकारी माओवादीले जनयुद्ध दिवसकै सन्दर्भमा जिल्लाब्यापी रूपमा भित्ते लेखन लगायतका कार्यक्रमहरू गर्नुका साथै संगठन विस्तार अभियानलाई तिब्रता दिने निर्णय गरेको देशभक्त गणतान्त्रिक मोर्चा नवलपुरका अध्यक्ष पिताम्बर तिवारीले जानकारी दिनुभयो।

यस्तै, क्रान्तिकारी माओवादी सम्बद्ध कुमाल राष्ट्रिय मुक्ति मोर्चाको आयोजनामा पहिचान र अधिकार तथा यसका उपलब्धीका बारेमा आगामी फागुन ४ गते सरोकारवालाहरूको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय पनि जवस मोर्चाले गरेको कुमाल मोर्चाका अध्यक्ष श्याम कुमालले बताउनुभयो। क्रान्तिकारी माओवादी नवलपुरको जनवर्गीय संगठन र मोर्चाका फ्र्याक्सन इन्चार्ज चेतनको अध्यक्षतामा बसेको बैठकमा दश वटा भन्दा बढी जनवर्गीय संगठन तथा मोर्चाका इन्चार्ज तथा संयोजकहरूको उपस्थिति थियो।









**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, **फोटो**: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।